# प्रदेश योजना आयोगले समग्र कर्णालीको विकासको लागि आवधिक योजना आधारपत्र निर्माण सम्बन्धी पूर्व तयारी कार्यशाला

कर्णाली प्रदेशको आवधिक योजना आधारपत्र निर्माण सम्वन्धि पूर्व तयारी कार्यशाला मिति २०७५ माघ ४ र ५ गते संचालन भएको थियो। जसमा माघ ४ गते २५ जना विज्ञहरुले विभिन्न विकासको अवधारणहरुमा आ-आफ्नो विज्ञता सहितको राय प्रस्तुत गर्नु भएको थियो। त्यसैगरि ५ गते ति विज्ञहरु र माननिय मन्त्रिहरु सहितको ७ वटा समुह निर्माण गरि ७ वटा विषयहरु (समग्र आर्थिक विकास) मा व्यापक छलफलबाट एकिकृत राय बनाएर ७ वटै समुहबाट विषयगत रुपमा कर्णाली प्रदेशको विकास मोडल प्रस्तुत गरिएको थियो भने माननिय मुख्य मन्त्रि एवं प्रादेशीक योजना आयोगका अध्यक्ष श्री महेन्द्र बहादुर शाहीज्यूले प्रदेशले विगतमा गरेको विकास र अव विज्ञहरुबाट चाहेको विद्धताले कर्णाली विकास मोडलको बारेमा (१ घण्टा ९ मिनेट) आफ्नो विचार राख्नु भएको थियो। जुन कार्याक्रमा माननिय आर्थिक मामिला मन्त्रि प्रकाश ज्वाला ज्यू र योजना आयोगका उपाध्यक्ष मानमिय प्रा.डा. पुण्यप्रसाद रेग्मीज्यूले पनि आफ्ना अमुल्य सल्लाह सुझाव व्यत्त गुर्नभएको थियो। उक्त कार्यक्रममा प्रस्तुत गरिएको कर्णाली विकास मोडलको निष्कर्श निम्न अनुसार प्रस्तुत गरिएको छ।

## खण्ड क: विज्ञहरुले विभिन्न विकासको अवधारणहरुमा आ-आफ्नो विज्ञता सहितको प्रस्तुति

### १. कर्णाली प्रदेशको सामाजिक आर्थिक अवस्था

**प्रस्तुतकर्ता: शंकर शर्मा**

शंकर शर्मा ज्यूको प्रस्तुतिको मुख्य केन्द्रबिन्दु कुल ग्राह्यस्थ उत्पादन र गरिबी निवारण थियो। उहाँले अहिलेको अवस्थामा जिल्लागत रुपमा र प्रादेशिक तहमा तथ्यांकहरु उपलब्ध छैनन् भन्ने कुरा राख्नु भयो। उहाँको अनुसार १८ वर्षअगाडि कुल ग्राहस्थ उत्पादनको तथ्यांकहरु जिल्लागतरुपमा भेटिन्छ र सन् १९८५ मा राष्ट्रिय योजना आयोगले विकास क्षेत्रको अनुसार तथ्यांक बनाईएको थियो। तर तथ्यांक उपलब्धता पहिले नेपाल मानव विकास प्रतिवेदनको आधारमा बनेको थियो। सन् २००१-२०१० सम्ममा देशभर कुल ग्राहस्थ उत्पादन ४.४ थियो भने २०१०-२०१७ मा ४.१ थियो। विपदको समय र शान्ति स्थापना भैसकेपछि पनि कम भएको देखिन्छ यसका कारणहरु भारतले गरेको नाकाबन्दी, भुकम्प हो। त्यसैगरी, कर्णाली प्रदेशको कुल ग्राहस्थ उत्पादन ४.५ बाट ४.८ थियो, त्यहि समय अन्तरालमा जसका दुईवटा कारण छन्: कृषिमा बढी आधारित भएकोले नाकाबन्दी र भुकम्पले काठमाडौंमा जति प्रभाव परेको थियो त्यति कर्णालीमा परेको थिएन। यो क्षेत्रमा कृषि बाहेक विकासको लागी सहयोग पुर्याउने केन्द्र सरकारले गरेको खर्च हो जस्तै: कर्णाली राजमार्ग। कर्णाली प्रदेशमा कृषिक्षेत्रमा विकासको सम्भावना धेरै छ तर सरकारी खर्चले कुल ग्राहस्थ उत्पादनमा योगदान पुऱ्याएको छ। कर्णालीमा

बाटो बनेर उद्योग धन्दा बढ्नु भन्दा सेवा केन्द्रहरुको बढ्दै आएको भेटिन्छ जस्तै: चिया पसलहरू। कुल ग्राहस्थ उत्पादनमा सर्वप्रथम कृषि त्यसपछि सेवा क्षेत्र हो। उद्योगधन्दाले एकदम कम योगदान गर्दछ। उद्योगमा निर्माण कार्यक्रमले पनि योगदान पुर्याएको हुन्छ। मानव विकास सूचकांक सबैभन्दा कम कर्णाली प्रदेशमा छ। श्रमको उत्पादकता कर्णालीमा कम छ र यसको कारण कृषिमा बढी आधारित भएर हो। कर्णालीमा उद्योग धन्दाको विकास हुने सम्भावना कम देखिन्छ त्यसैले सेवाका क्षेत्रहरू जस्तै पर्यटन, सूचना प्रबिधि, क्षेत्रमा बढी जोड दिनुपर्छ। श्रमको उत्पादकत्व बढाउन धान, गहुँ, मकै नभए उच्च महत्व भएका बालीमा जस्तै त्यहाँ उत्पादन हुने ओखर, स्याउमा हुन्छ। जडिबुटीको माग संसारभर प्रत्येक वर्ष ३६% बढिरहेको छ। आर्थिकरूपदेखि सक्रिय जनसङ्ख्याको १५% मात्र रोजगारका लागि विदेशिएका छन्। कृषि मन्त्रालय अनुसार देशभर वर्षभरि सिचाई हुने जमिन जम्मा २१% छ जुन चुनौतीको विषय बनेको छ केन्द्र सरकार र कृषिमा काम गर्नेहरु बिचमा। पहाडी क्षेत्रमा सिँचाइ गाह्रो हुने भएकोले सामुदायिक सिँचाइ प्रणालीमा (Community Irrigation System) जोड दिन सकिन्छ। उहाँको अनुसार यहाँ जम्मा १२४२ कि.मि. राष्ट्रिय सडक छन् जुन सबैभन्दा कम हो अरु प्रदेशको तुलनामा यहाँ पूर्वाधारहरुको विकास खासै भएको देखिदैन।

## २. दृष्टिकोण - २१०० र कर्णाली प्रदेश सरकारको पहिलो रणनैतिक योजना

**प्रस्तुतकर्ताः सुरेश तिवारी**

सुरेश तिवारी ज्यूले योजनाको मुख्य उद्देश्य जान्न र बुझ्न अत्यन्त जरुरी हुन्छ बताउनु भयो। योजनाको बारेमा थाहा पाउन स्कूल, कलेजमा पढेर मात्र थाहा हुन्छ कि प्रशाशनिक तन्त्रमा सेवा गर्दा चाहिने हो या यसले जनताको गीत बनि जनताको आवश्यकतालाई बुझ्न सक्दछ। उहाँले योजना केवल किताबमा मात्र सीमित हुनुहुँदैन सबै कर्णाली बासीलाई योजना बारेमा थाहा हुनुपर्दछ बताउनु भयो। प्रतिव्यक्ति औसत आय २१०० अमेरिकी डलर कसरी पुर्याउन सकिन्छ भन्नेबारे योजनामा खुलाएर लेख्नुपर्दछ। परिवर्तनका सिद्धान्तहरुलाई ध्यानमा राखेर कुनै पनि योजना निर्माण गर्नुपर्दछ। योजना बनाईएका भएतापनी त्यसको बेवास्ता गरिएको हुन्छ वा सम्बन्धित मन्त्रालयहरुले वार्षिक योजना, बजेट तथा कार्यक्रममा पूर्णरुपमा सम्बोधन गरिएको पाइँदैन। समीक्षा गर्ने बेलामा तानतुन गरेर परिणाम ढाँचा र लग फ्रेम मिलाइएको हुन्छ। योजनाको प्राथमिकता बनाउदा कति खर्च गरिन्छ र हाम्रो क्षमता, स्वीकार्यता र अधिकारलाई सन्तुलनमा राख्न जरुरी हुन्छ। संघीय योजना आयोगको स्वीकार्यता कमजोर देखिन्छ, क्षमता र अधिकार भएतापनि स्वीकार्यताको सन्तुलन कम भएकोले परिवर्तनको ठाउँ देखिएको छैन। संघीय योजनामा कुनैपनि कार्यक्रम/योजनाको प्रक्रिया लेखिनुपर्छ। समाजमा सुधार वा कुल ग्राहस्थ उत्पादनमा सुधार ल्याउन पहिले सुशासनमा परिवर्तन ल्याउन जरुरी हुन्छ, त्यसपछि आर्थिक परिवर्तन, गरिवी परिवर्तन, सामाजिक परिवर्तन, भौतिक पूर्वाधारमा परिवर्तन, जलवायु परिवर्तन सम्बोधन गर्ने, क्षमता अभिवृद्धि गर्ने, जस्ता यी सबै कारकहरुलाई समग्रमा जोडेर एउटा खाका बनाउन सकिन्छ। समृद्धि र सुखको मापनको मात्रा थाहा पाउन अति जरुरी हुन्छ। संघीय अभ्यास गर्न हामी अझै तयार छौं कि छैनौं या बिस्तारै गर्दैछौं भन्ने बारेमा प्रष्ट हुनुपर्दछ। जुन बजेट अहिले प्रदेश सरकारलाई संविधानबाट प्राप्त छ, राजस्व स्थानन्तरण देखि मिल्दो अनुदानसम्म (Matching Grant) कर्णाली प्रदेशले संघीय स्वास्थ्य मन्त्रालयबाट प्राप्त

भएको बजेट बाहेक स्वास्थ्यलाई आफूबाट आफूलाई प्राप्त भएको बजेट छुट्याएको तथ्याङ्कले देखिएको पाइन्छ। अरू प्रदेशहरुले अन्य स्रोतहरुबाट पनि स्वास्थ्यमा लगानी गरिएको देखिन्छ तर कर्णाली प्रदेशमा त्यो अवस्था छैन बजेट विश्लेषणले देखाउँछ। कुल ग्राहस्थ उत्पादनको ५ % जति स्वास्थ्यमा लगानी गर्न सकियो भने लगानीको रुपमा स्वास्थ्य नागरिक बनाउन सकिन्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ। विश्वव्यापीरुपमा स्वास्थ्य क्षेत्र बढाउन र अति आवाश्यकतिय स्वास्थ्य सेवा आश्वासन दिन प्रतिव्यक्ति ८६ अमेरिकी डलर खर्च गर्नुपर्ने रहेछ। जबकि जम्मा प्रतिव्यक्ति १८ अमेरिकी डलर खर्च गरिरहेको नेपालको अवस्था छ।उहाँको अनुसार तर मुलुकमा संघीयता आएपछि राम्रो पक्ष देखिन आएको छ, स्थानीय सरकारले भन्दा प्रदेश सरकारले बढी स्वास्थ्यलाई प्राथमिकता दिएको देखिन्छ।

**३. कर्णाली प्रदेशको परिवर्तनकारी भविष्यको कल्पना**

**प्रस्तुतकर्ता: मंगेश लाल श्रेष्ठ, प्रबन्ध निर्देशक (नेपाल) र निर्देशक (एसिया प्यासिफिक)**

मंगेश लाल श्रेष्ठ ज्यूले रुपान्तरणीय आर्थिक मार्गचित्रको मार्फत समग्र रणनीतिहरु र दृष्टिकोणहरु अपनाएर भविष्यकोलागि अर्थव्यवस्था तयार पार्न सकिन्छ भन्ने प्रस्तुति राख्नु भयो, जस्तै: ज्ञान उद्योगहरु, स्पिन-ओफ्फ अधिकतम बढाउने, उच्च उत्पादकता र आय बढाउने, आदि।उहाँले डिजिटल रुपले परिवर्तन ल्याउन, फ्रस्ट एंड सुलिवानले विभिन्न मार्गचित्र जस्तै व्यापार/निर्यात रणनिती, उदारवादी रणनिती, शोध र विकास रणनिती, पुर्वाधार रणनिती, पर्यटन रणनिती, प्रविधि क्षेत्रको रणनिती, आदि विकास गरेर मलेसियाको आर्थिक परिवर्तनको समर्थन गरेको छ जनाउनु भयो। नेपालमा २०२१/ २०२२ मा कुल ग्राहस्थ उत्पादन ५.८ % ले बढ्नेछ। नेपाल संग धेरै क्षमताहरु जस्तै: मानव स्रोतः युवा जनशक्ति, प्रतिष्ठा, अन्तराष्ट्रिय पहुँच; प्राकृतिक श्रोतः जल, पर्यटकिय आकर्षण, मौसम; र नेपालको छापः संस्कृती, प्रकृती, मानिस भएतापनि नेपालले विकासको क्रममा धेरै चुनौतिहरु सामना गर्नुपरेको छ जस्तैः खराब पुर्बाधार/पहुँच, राजनीतिक अस्थिरता, उच्च मुद्रास्फीति, पर्यटनको सिमित मात्रा, उच्च बेरोजगारी/ दक्ष जनशक्तिको कमि, आदि।

उहाँको अनुसार अर्थव्यवस्थाको परिवर्तन गर्न स्रोत- आधारित (जस्तै : पाल्म तेल, रबर, तेल र ग्यास स्रोतहरु) बाट उच्च मूल्य सेवामा आधारित (जस्तैः आई. सी. टी., वित्तीय, पर्यटन, शिक्षा र स्वास्थ सेवाहरु) उपयोग गर्न सकिन्छ। उहाँको अनुसार नेपालमा 4G सेवाको विस्तार बढ्दो क्रमले हुदैछ भने 5G सेवाको विस्तार पनी चाँडै हुनेछ। नेपालले २०२५ सम्ममा ८ ठुला शहरहरुको विकास गर्नेछ। अब आउने नयाँ पुस्ताहरुको चाहना र माग पुरा गर्न निजीकृत सेवाहरू, अभिनव र एकीकृत उत्पादनहरू र उच्च सामाजिक सञ्जाल प्लेटफर्महरूको व्यवस्था मिलाउनु पर्छ। नयाँ प्रविधिको प्रयोगबाट विभिन्न स्तरको वृद्धि विकास गर्न सकिन्छ। जलबिद्युत र पूर्वाधारहरुमा मात्र निर्भर नभई अन्य सुविधाको रुपमा विकास हुने तथा अन्य क्षेत्रमा उपयुक्त अवसरहरुको विकास गर्ने जस्तैः नेपाललाई एसियाको नयाँ सेवा केन्द्रको रुपमा विकास गर्ने, उपयुक्त उत्पादन र उच्च महत्वको कृषि पहिचान गरि मापन, दक्षता, परिष्कार सुधार गर्न कडीहरु विकास गर्ने। उहाँको अनुसार केही रणनितीहरु छन् जसले द्रुत जित हाशिल गर्न मद्धत गर्छ, जस्तैः सेवा, पुर्वाधार, भुक्तानी प्रयोग रणनीति,

निर्माण, कृषि, वितरित आर्थिक समूह, आदि। नेपालमा अर्को आर्थिक चमत्कार द्रुत आर्थिक विकासका माध्यमबाट प्राप्त हुन सक्छ। केन्द्र सरकारको, प्रदेश सरकारको र स्थानिय सरकारको लक्ष, रणनिती र प्रथमिक्त्तालाई एकै साथ डिजिटल बनाउन, सुशासन र वितरण विधि अपनाएर परियोजनाका भण्डार (Project Bank) पहिचान गरि नतिजा व्यवस्थापन र निरिक्षण गर्न सकिन्छ। सामाजिक आर्थिक परिवर्तनको लागि डिजिटल नेपालले उत्प्रेरकको रुपमा काम गर्छ। डिजिटल नेपाल कार्यक्रमले सन् २०२२ सम्म ८०० अरब नेपाली रुपैयाको प्रभाव दिने अपेक्षा गरिएको छ। फ्रस्ट र सुलिवानले राष्ट्र, प्रदेश, नगरपालिका र समग्र संघिय साशनको आधारमा डिजिटल नेपालको प्रशासनको ढाँचा बनाउदै छ। उनले नेपालमा द्रुत आर्थिक विकासको ढाँचा ९ चरणहरुमा प्रस्तावित गरेका छन्, जुन यस प्रकार छन्: श्रोतमा आधारित हालको अवस्था, दृस्टी र रणनिती, प्राथमिक्ता र लक्ष, विशिष्ट परियोजनाहरु संग केन्द्रित क्षेत्र, वितरण विधि र कार्य योजना, कार्यान्वयन, निगरानी र मुल्याङ्कन, संस्थागत सहयोग र सुधार। कार्य योजनाको अर्को चरणमा स्रोत आधारभूत स्थितिलाई जी. आई. यस. मा आधारित तथ्याङ्क विश्लेषण गर्न जरुरी छ। उहाँले कर्णाली प्रदेशमा द्रुत आर्थिक विकास भयो भने सन् २०४० सम्ममा लक्षित कुल ग्राह्यस्थ उत्पादन अमेरिकी डलर ४ अरब पुग्न सक्ने, सरकारी राजस्व र लगानि वृद्धि हुने, निजी क्षेत्रको लगानीमा वृद्धि हुने, श्रोत को भरपुर प्रयोग हुने र अन्त्यमा समृद्ध र सुखी कर्णाली हुन सक्ने सम्भावना देखिन्छ बताउनु भयो।

## ४. कर्णालीको पहिलो आवधिक योजना (उद्योग र व्यापार)

**प्रस्तुतकर्ता: पुरसोत्तम ओझा, परामर्शदाता - ई.पी.आई.**

पुरसोत्तम ओझा ज्यूले उद्योग र व्यापारका वर्तमान स्थिति र अवस्था, समस्या र चुनौतिहरु, अवसरहरु, लक्ष्य र उधेश्य, रणनीति र नीति, प्राथमिकताका परियोजनाहरु, कार्यन्वयन तरिकाहरु, अनुगमन र मुल्यांकन को बारेमा प्रस्तुति दिनु भएको थियो। कर्णाली प्रदेशमा प्रशस्त प्राकृतिक स्रोतहरू छन् जस्तैः जडीबुटी, जलविद्युत उत्पादन बढी भएको, पर्यटकीय रुपले धनी र उच्च पहाड र हिमालहरु। उहाँको अनुसार अहिलेसम्म कर्णाली प्रदेशमा उद्योग विभागमा दर्ता भएका उद्योगहरु केवल ३१ वटा छन् भने संख्याको आधारमा बढी सुर्खेतमा छन् भने लगानी रोजगारको आधारमा बढी कालिकोटमा देखिन्छ। चीनसँग जोड्ने नेपालमा भएको पाँचवटा नाका मध्ये एउटा नाका यो प्रदेशमा पर्दछ तर कमजोर पूर्वाधार र यातायात सुविधाका कारण त्यति राम्रो कडी बनाउन सकेको छैन। व्यापार क्षेत्र र आर्थिक क्षेत्रको पूर्ण विकासका लागि यातायातका पूर्वाधारहरु अति आवश्यक हुन्छन्। जिल्लाहरुमा घरेलु उद्योग कार्यालयहरु थिए तर ती कार्यालयहरुको स्थानीयस्तरमा समायोजन भएको अवस्था छ, त्यसैले संस्थागतको हिसाबले परिवर्तन ल्याउन कठिन देखिन्छ। विकाशका परियोजनाहरु प्रादेशिक सरकारले कहाँ गर्ने र केन्द्रीय सरकारले कहाँ गर्ने र के-के जिम्मेवारी हुन् स्पष्ट पार्न जरुरी हुन्छ। त्यसैगरी प्रदेशको शक्ति र अवसरहरु हेर्दा कर्णाली प्रदेशमा जैव-विविधता, बिरुवाहरु, जनावरहरू, औषधि, जडीबुटी, जल स्रोतहरु, खनिजको स्रोतहरुले भरिभराउ छन्। त्यसबाहेक, अवसरहरूको रुपमा राजनैतिक स्थिरताका साथै उत्तरदायी प्रदेश र स्थानीय सरकार छन्, जलविद्युतको सम्भावना र जलविद्युतको विकास मार्फत अघि बढ्ने सम्भावना छ, औपचारिक व्यापार मार्ग दक्षिण र उत्तरमा खोल्न सकिन्छ जसले गर्दा नेपालको

व्यापार चीनसंग सजिलो गरी हुनसक्छ। उहाँले उद्योगहरुलाई पर्यटनसँग जोड्न स्थानीय सामग्रीहरुको प्रयोगबाट बनेका हस्तकलाको उत्पादन बढाउन सकिन्छ बताउनु भयो। दिगो विकासका लक्ष्य प्राप्त गर्न कर्णाली प्रदेशले केही कुराहरुमा विशेष ध्यान दिनु पर्ने हुनसक्छ जस्तैः जनताहरूको आम्दानी र रोजगार बढाउन उद्योगहरुलाई कृषि, पर्यटन र उर्जासँग जोड्ने; आधुनिक प्रविधिहरू प्रयोगले उत्पादनहरूको मूल्य बढाउने; व्यापारको सुविधाको लागि औद्योगिक र व्यापारिक संरचनाको सञ्जाल सिर्जना गर्ने; व्यापारको प्रचार गरेर प्रदेशको उत्पादनलाई बजारमा बिक्री गर्ने व्यवस्था मिलाउने। र त्यसकालागि रणनीतिहरु र नीतिहरु यस्ता हुनसक्छन्: जस्तै तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ र समस्याहरूको पहिचान गर्ने; सम्भावित उत्पादनहरूको लागि वित्त र प्रविधिहरूमा पहुँच बढाउने; उत्पादन र बजारीकरण सुधार गर्न अन्तर-क्षेत्र र उप-राष्ट्र समन्वयमा सुधार गर्ने; पर्यटन उद्योगसँग सम्बन्धित सेवाहरुमा ध्यान दिने; उद्योग क्षेत्रको विकास गर्न र अन्तर्राष्ट्रिय बजारमा पहुँचको सुविधा बढाउन संघीय सरकार र छिमेकी प्रदेशका सरकारसँग मिलेर काम गर्ने; संघीय सरकारको सहकार्यमा अन्तर्राष्ट्रिय बजारमा निर्यात उत्पादनहरूको बजारसँग पहुँच बढाउने; नियमित रुपमा उद्योग र व्यापार मेलाहरु व्यवस्थित गर्ने।

त्यसकालागि प्राथमिकताका परियोजनाहरु यसप्रकार हुनसक्छन्, जस्तैः प्रादेशिक तहमा दिर्घकालिन औद्योगिक र व्यापार नीति तयार पार्ने; हरेक प्रदेशमा कम्तिमा २० वटा उद्योगहरु पहिचान गर्ने; प्रविधि सुधार गर्न कोषको स्थापना गर्ने; महिला उद्यमी, दलित आदिलाई समर्थन गर्ने विशेष कार्यक्रम व्यवस्थापन गर्ने; औषधी र जडिबुटी उत्पादनलाई विशेष प्रशोधन गर्न उद्योगहरु स्थापना गर्ने; कोसेली घर स्थापना गर्ने; आदि। उहाँको अनुसार संघिय सरकारले पर्याप्त प्राधिकरण र स्रोतहरु प्रदान गर्न सक्नु पर्छ। उहाँले अनुगमन र मुल्यांकन गर्न मन्त्रालयको तहबाट मासिक प्रगतिको समीक्षा गर्ने; मन्त्रालय र प्रादेशिक योजना आयोग द्वारा संयुक्त रुपमा त्रैमासिक अनुगमन गर्ने; सम्बन्धित मन्त्री र अधिकारीहरुको उपस्थितिमा मुख्यमन्त्रीज्यू को तहबाट वार्षिक अनुगमन गर्ने; त्यसैगरि सम्बन्धित संस्थाहरुबाट मुल्यांकन पनि गर्ने प्रस्ताव राखु भयो।

## ५. कर्णाली प्रदेशको सन्दर्भमा पर्यटन विकासको दृष्टिकोणमा छलफल

**प्रस्तुतकर्ता: प्रचण्ड मान श्रेष्ठ**

प्रचण्ड मान श्रेष्ठ ज्यूले प्रदेशको पर्यटन क्षेत्रमा प्रस्तुति दिनु भयो। उहाँले प्रदेशको पर्यटन विकासको मुख्य स्रोत रोजगारी सिर्जना गर्नु, राज्यको लागि राजस्व सिर्जना गर्नु, सम्पदाको जगेर्ना गर्नु हो बताउनु भयो। उहाँको अनुसार पर्यटन एउटा मिश्रित उद्योग हो, अरु पूर्वाधार जस्तैः उद्योग, यातायात, मनोरञ्जन उद्योग विकास भएपछि मात्र पर्यटन विकास हुन्छ। पर्यटन कमजोर क्षेत्र हो, यसलाई अन्तरास्ट्रिय घटना, छिमेकि घटना, राष्ट्रिय घटना र स्थानीय घटनाले उल्टो प्रतिक्रिया दिन सक्छ। पर्यटन विकासको सम्भावना आफ्नो क्षेत्रमा भएको मन्दिर, खोला, पहाड, हिमाल, वन, चरा-चुरुङ्गि, जनावरले मात्र भएर पुग्दैन। पर्यटन व्यापारमा भर पर्छ। बिगत वर्षमा, २-४ ओटा अन्तरास्ट्रिय जगतमा नेपाल स्थापित भएको छ, उदाहरणका लागि त्रिप एड्वाईसर (Trip Advisor) ले २५ औ स्थानमा गन्तब्यमा नेपाललाई राखेको छ। त्यसैगरी, लोन्ली प्लानेतले (Lonely Planet) प्राकृतिक र सांस्कृतिक

विरासतमा यसको शक्तिको कारणले सर्वोत्तम गंतव्यको रूपमा नामकरण गरेको छ। हामीले अब नया प्रयास, लागत, बजारीकरणको रणनीति ल्याएर पर्यटन क्षेत्रलाई बलियो बनाउनु पर्दछ। हाम्रो राष्ट्रमा कनेक्टिविटीको दृष्टिबाट हेर्दा भुमि, वायु सेवा, यातायात, बजारसंग जोड्ने कडी कहाँबाट आउछ भन्ने क्षेत्रमा अलिकति पछाडी छौं। बिगतको तथ्यांक हेर्ने हो भने एउटा मात्र बिन्दु छ, मानसरोवर जाने, जुन ट्रान्जिट पोइन्टको रुपमा केहि समय विकसित भएको छ। तर त्यहाको अभाव के छ भने त्यो अन्तरास्ट्रिय औपचारिकताको भित्रिने र बाहिर निस्कने बिन्दु होइन, त्यसैले चीनले मानसरोवर कैलाशलाई प्रबर्धन गरेर ल्याएको तेस्रो राष्ट्रको पर्यटकलाई कम्तिमा पनि हुम्ला, रारामा ल्याउन सकिन्छ। त्यसको लागि बिन्दुलाई आप्रवासन बिन्दुमा परिवर्तन गर्दा केन्द्रिय सरकारसंग पहल गर्न सकिन्छ। विकास गर्नुका साथ साथै प्रदेशमा रहेका पूर्वाधारहरु र आर्थिक केन्द्रहरूलाई उत्प्रेरित गरेर पर्यटनलाई अगाडी बढाउन सकिन्छ। पर्यटनको संभावनाहरु हेर्दा कर्णाली प्रदेशमा धेरै वास बस्ने स्थानहरु, होटल, संरचनाहरू उपलब्ध छन् तर त्यहाको सेवाहरूलाई बलियो बनाउन आवश्यक छ। उहाँको अनुसार पर्यटनको अवधारणा : पर्यटन त्रिकोणत्मक विषय हो जुन उत्पादन, गन्तव्य, बजार र पहुचको मध्यम मा निर्भर गर्दछ। त्यसैले, दीर्घकालिक दृष्टि विकास गर्न आवश्यक छ, जुनले कर्णाली प्रदेशलाई विशेष पर्यटनको गन्तव्यको रूपमा विकास गरेर विकासका पछाडि र अगाडीका कडीलाई जोडेर, राज्य र देशवासी समुदायलाई आर्थिक रूपमा समान लाभ पुर्‍याउने। पर्यटन क्षेत्रका परिणाम सूचकहरु यी हुन्: आगमन संख्या, बसाईको अवधि, प्रति व्यक्ति खर्च, होटलको संख्या, यात्रा संचालकहरूको संख्या, पर्यटन सम्बन्धी मानव संसाधनको संख्या । तसर्थ, कर्णाली प्रदेशमा पर्यटन क्षेत्रको विकासको लागि परियोजनाहरू र कार्य अभिमुख कार्यक्रमहरू पहिचान गर्न जरूरी देखिन्छ । उदाहरणका लागि, काक्रे विहारमा ध्यान केन्द्र खोल्ने : उत्तरी-भारतसंग आधारित संचालकहरुसंग सहयोग लिई बौद्ध क्षेत्र को विस्तार गर्नको लागि; अन्तर्राष्ट्रिय हर्बल अनुसन्धान केन्द्रको स्थापना गर्नको लागि; सुर्खेत एयरपोर्टको स्तरवृद्धि गर्ने रात्री उडान सेवा सुरु गर्न, आदि ।

### ६. कर्णाली प्रदेशको विकासका लागि रणनीति, दृष्टि स्थापना कार्यशालाः सडक पूर्वाधार

**प्रस्तुतकर्ताः अर्जुन पौडेल, डीपीएम, ग्रामीण पहुँच कार्यक्रम (Rural Access Programme), चरण ३**

अर्जुन पौडेल ज्यूले मौसमको अवस्थाहरुमा चल्न अथवा चलाऊन योग्य सडकलाई रणनीतिक सडक (Strategic Road) भनिन्छ बताउनु भयो। सामान्यता भारी वर्षायाममा पनि यस्ता सडकहरु भत्कन्दैनन्। रणनीतिक सडक भनेको राष्ट्रिय राजमार्गहरु र फीडर सडक(Feeder Road) हरु हुन। प्रदेश नम्बर ६ को सबै जिल्लाहरुमा अल वेदर सडक (All Weather Road) हरु पुगेको छैन, जसतैः जुम्ला, कालिकोट, मुगु, डोल्पा अनी हुम्ला । फेयर वेदर सडक (Fair Weather Road) भनेको वर्षायामको बेला बन्द हुने सडकलाई बुझिन्छ। कची सडकलाई फेयर वेदर सडक (Fair Weather Road) को रुपमा चिनिन्छ। कर्णाली प्रदेशको ७९ गाउँपालिका मध्ये २३ वटा गाउँपालिकाहरु मात्र सडकसँग जोडिएका छन । कर्णालीमा १३७८ किलोमिटर लम्बाइ भएको अल वेदर सडक (All weather road) सडक छन् जहाँ १२ महिना नै गाडीहरु गूडछन त्यस्तै ४६४३ किलोमिटर लम्बाइ भएको फेयर वेदर सडक (Fair Weather road) सडक छन् जस मध्ये २९४५ किलोमिटरको जिल्ला सडक (District Road) छन र २१९० किलोमिटर गाउँ सडक (Village Road) छन । अल वेदर सडक (All weather

road) भन्दा फेयर वेदर सडक (Fair Weather road) मा कम गाडीहरु चल्ने गर्छन्। कम गाडीहरु चल्नु को प्रमुख कारणहरु: गैर ईन्जिनियर तरिकाले बनाएको असामान्य सडकहरु; सम्भार र संरक्षणको कमीले; सडक निर्माण कार्य पूरा गर्न अपर्याप्त रकमको कारणले; कम स्तरको संस्थागत क्षमता र कौशल जनशक्ति अथवा कम्दारहरुको कमीले। संघीयता हुनु अघी: केन्द्रिय सरकारको मातहतमा रणनीतिक सडक – राष्ट्रिय राजमार्गहरू र फीडर सडकहरु पर्थे, जिल्ला विकास समितिको स्वामित्वमा जिल्ला सडकहरु पर्थे, गाउँ विकास समितिको स्वामित्वमा गाउँको सडकहरु पर्थे भने संघीयता भए पछी सडकको वर्गीकरण र स्वामित्व कस्को मातहतमा हुने भनेर विधानमा परिभाषित गरिएको छैन र कहिले गन्रे भनेर निती निर्देशन् ल्याउने पहलको सुरुवात भएको छैन।

स्थानीय सडकको स्थिरतामा आर.ए.पी.को (RAP) प्रयास बताउनु भयो। आर.ए.पी.ले मेशिन र काम्दारको सहयोगले सडकको नियमित सम्भार र संरक्षण गर्दै आएको छ। उहाँले वातावरण मैत्री सडक निर्माणको कार्यमा प्राथमिकता दिएको र संघीयता पछी क्षमता बिकासको लागि स्थानीय स्तरको प्राविधिक प्रशिक्षणको कामहरुलाई प्राथमिकता दिएको बताउनु भयो।

**७. आवधिक योजनाको आधारपत्र**
**कर्णाली प्रदेशको द्रुत आर्थिक विकास: भौतिक पूर्वाधार र वातावरण**

**प्रस्तुतकर्ता: नवराज खतिवडा, डा. ईन्जि. - संस्थापक सदस्य, नेपाल विकास अनुसन्धा प्रतिष्ठान**

नवराज खतिवडा ज्यूले जनताका आकांक्षा, आवश्यकता, आवाजमा आधारित वैज्ञानिक योजना निर्माण र त्यसको कार्यान्वयन गरि, यसको माध्यमबाट आगामी पाँच वर्षमा कर्णालीका जनताको प्रतिब्यक्ति आय २१०० डलर पुऱ्याउन सकिन्छ बताउनु भयो। अहिले कर्णालीका जनताको प्रतिब्यक्ति आय ८०६ डलर छ भने आगामी पाँच वर्षमा कर्णालीका जनताको प्रतिब्यक्ति आय २१०० डलर पुर्याउनको लागि दोहोरो अंकको वृद्धिदर गर्नुपर्छ। कर्णाली प्रदेशको द्रुत आर्थिक विकासको लागि एउटा पुर्वधार भनेको दुर्त सडक मार्ग पनि हो। हामीले यातायातलाई कसरी बुझेका छौं, चीन र भारतले यातायातलाई कसरी बुझेका छन् , त्यो जान्न जरुरी छ। द्रुत सडक मार्गको सम्भावनाको लागि यात्राको समय घटाऊन जरुरी हुन जान्छ । भेरी बबई पथान्तरण आयोजनाको स्वचालित सुरुङ् खन्ने यन्त्र ल्याउँदा राजमार्ग बन्द हुन पुग्यो, यस्को कारण कम्जोर प्रुवधार जस्तै पुलहरु भएको हुनाले । सुर्खेतको सिमेन्ट उद्योग दाँगमा सारीयो, यस्को पनि प्रमुख कारण राम्रो सडक तंत्र नहुनु थियो। त्यस्तै पूर्व पश्चिम राजमार्ग भेट्न ३ गुना बढी यात्रा गर्नु पर्ने बाध्यता, जुम्लाको स्याउले बजार नपाउनु जस्ता अनेक प्रायोजनाहरु सडक मार्गको कमीले गर्दा कर्णाली प्रदेश अरु प्रदेश भन्दा पछाडि परेको देखिन्छ । एउटा उदाहरणको लागि, जाजरकोट देखी नेपालगन्ज सम्मको दुरी १०० किलोमिटर छ भने यो दुरीको अथवा यातायातको समय घटाऊन सक्यौ भने कर्णालीका जनताले धेरै रहात पाउने थिए। उहाँले आर्थिक केन्द्रलाई प्राथमिकता साथ बिकास गरी, प्राविधिक रुपले शहरहरु सम्पन्न गरे, यात्राको समय र दुरी घटाऊन सके कर्णाली प्रदेशको उतथान हुने थियो बताउनु भयो।

## ८. कर्णाली प्रदेशः कृषिसंग संम्बन्धित केहि तुलनात्मक तथ्यांक, हालको कार्यक्रम र कार्ययोजना

**प्रस्तुतकर्ताः अर्जुन पौडेल**

कर्णाली प्रदेशको उतथानको लागी निति तथा कार्यक्रममा जोड दिनु आवश्यक छ। उत्पादन र उत्पादकत्वमा जोड दिने कृषिसँग सम्बन्धित कार्यक्रम ल्याउन आवश्यक छ। कर्णाली प्रदेशमा राष्ट्रकै नमुना प्रांगारिक तथा आधुनिक कृषि प्रणाली स्थापित गरी खाद्य सम्प्रभुताको प्रत्याभुती दिइने छ। कृषिको व्यवासयिकताको लागि "एक फार्म-एक व्यवासयिक अनुदान" को निती अवलम्बन गरी निजी, समुह र सहकारी मार्फत सन्चालन हुने व्यवासयिक फार्मलाई उत्पादन र उप्लब्ध गराएको रोजगारिको आधारमा प्रोत्साहान गरिने छ। अर्गानिक कृषि बिकासका लागि आवश्यक पर्ने कृषि अनुसन्धान, शिक्षा र शिप बिकासद्वरा दक्ष जनशक्ति उत्पादन गरी कृषि ज्ञान केन्द्रद्वरा आम किसानहरुलाई प्रविधीको सदुपयोग गर्न कृषि क्याम्पसको स्थप्ना गरीने छ। साथै, आवश्यकताअनुसार प्रांगारिक मल कारखाना, कृषि औजार कारखाना, जैविक विपादी कारखाना सन्चालनमा सरकारी, निजी/सहकारी सँग साजेदारी गरीने छ। साथै, माटो परिक्षण प्रयोगशाला र विपादी परिक्षण प्रयोगशाला स्थापना गरिने छ ।

"अर्गानिक खेतिमा वृद्धि-कर्णालीको समृद्ध" भन्ने नारालाई साकार तुल्याउन एक स्थानिय तह एक नमुना फार्म, एक सहकारी एक नमुना कृषि, पशुपंक्षी र माछा फार्म नितिलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ । यसका लागि रैथाने प्रजातिका कृषि वाली, पशुपंक्षी र जलचरको उचित संरक्षण र सम्वर्द्धन, उत्पादकत्वमा वृद्धि र जिन बैंकको स्थप्ना गरीने छ। कर्णालीका सम्पूर्ण जनतालाई खाद्य तथा पोषण सुरक्षामा वृद्धि हुने गरी खाद्य उत्पादन, वितरण एवं खाद्य भण्डारण गर्ने व्यवस्था गरीने छ। साथै, हाल सडक नपुगेका जिल्ला हुम्ला र डोल्पामा नेपाल सरकारसँग समानव्य गरी खाद्यन्न ढुवानी अनुदानको व्यवस्था गरीने छ । परम्परागत खानपान सम्बन्धी सोच परिवर्तन गरी स्थानिय उत्पादनलाई आपुर्तिको बलियो आधार बनाउने गरी उपभोक्ताको आहार बानिमा सुधार कार्यक्रम सन्चालन गरीने छ।

## ९. कर्णाली प्रदेशः जल, उर्जा तथा खनिज सम्पदाको सम्भावना र विकास

**प्रस्तुतकर्ताः डा. जय कुमार गुरुङ - कार्यकारी निर्देशक, नेपाल विकास अनुसन्धा प्रतिष्ठान**

कर्णाली प्रदेश: जल, उर्जा तथा खनिज सम्पदाको सम्भावना र विकास शीर्षकमा डा. जय कुमार गुरुङले प्रस्तुति दिनु भएको थियो। डा. दिवस बस्नेतको अनुपस्थितिमा डा. जय कुमार गुरुङले उहाँको प्रतिनिधित्व गर्नु भएको थियो। पानी सम्बन्धित सुविधाहरूमा योजना बनाउनका लागि उक्त क्षेत्रमा डिजिटलाइजेसनको स्थिति बुझ्न जरूरी भएको बताउनु भयो। योजना आयोगबाट प्राप्त जनससंख्याको तथ्यांकलाइ जिआइएस र रिमोट सेन्सीसिङग नक्सामा उत्तरण गरिएको थियो। प्रस्तुतिमा डा. जय कुमार गुरुङले कर्णाली प्रदेशका दश जिल्लाहरूमा जनसंख्याको फैलाव र आर्थिक पक्षमा सक्रिय जनससंख्यालाइ ध्यानमा राखी योजना बनाउनु पर्ने कुरामा जोड दिनु भयो। कर्णालीमा कृषियोग्य जग्गामा अव्यवस्थित सहरीकरण र रूकुम जोड्ने सडकको निर्माणको प्रभाव चर्चा गरी सही समयमै कुशल नीति बनाउनु पर्ने बताउनु भयो। उहाँले कर्णाली प्रदेशका दशै

जिल्लाहरूमा खाने पानीको पहुच, सरसफाई र शौचालयको पहुच, बिजुलीको पहुचका तथ्यांक प्रस्तुत गर्नुभयो। कर्णालीमा जलविधुतको १८,००० मेगावाट विधुत उत्पादन क्षमता भएको आयोजनाहरु : संचालनमा (१ वटा), उत्पादनको लागि अनुमति पत्र पाएका र सर्भे (अध्ययनको लागि) अनुमति पत्र (१७ वटा) प्राप्त आयोजनाहरुलाइ जिआइएस नक्सामा निकै आकर्षक तरिकाले प्रर्दशन गरिएको थियो। उहाँको प्रस्तुतिमा कर्णाली प्रदेशको वर्तमान अवस्थालाइ स्पष्ट पारी भविषयमा सतप्रतिशत विकास गर्ने दुरदृष्टि/लक्ष्यहरुको व्याख्या गरिएको थियो। उहाँले उर्जा विकासका लागि ५ बर्ष भित्र सबै घरपरिवारलाई माग बमोजिम विद्युत उपलब्ध गराउने गरी प्रदेश सरकारले जलविद्दुत र सबै प्रकारका नविकरणीय उर्जा विकास कार्यलाई विशेष जोड दिने पहलहरू प्रस्तुत गर्नुभयो। साथै स्थानीय निकायहरुसँग विशेष सहकार्य गरी सौर्य, बायु, बायो ग्याँस, अन्य नविकरणीय वैकल्पीक उर्जा प्रविधिलाई प्रोत्साहन गरी ५ बर्ष भित्र पूर्ण विद्दुतिकरण गरिने पनि बताउनुभयो। उहाँले कर्णाली प्रदेशमा खनिज सम्पदाको विस्तृत भौगर्भिक नक्शा नभएको (केहि प्रकाशन हुन बाँकी), आर्थिक सम्भावना सम्भावनाका पक्षमा प्रकाश पारेका थिए। डा. गुरुङका अनुसार खनिज सम्पदा विकासका गर्न विस्तृत भौगर्भिक अध्ययनका लागि खानी तथा भौगर्भिक विभागमा समन्वय र प्रदेश तहबाट एक द्रुत अध्ययन अन्तर्गत कुन खनिज सम्पदाको स्थिति के हो र कुन कुनलाई कसरी तत्काल विकास गर्न सकिन्छ, कुन खानीलाई विस्तृत अध्ययन गर्न पर्ने भन्ने निर्क्योल गर्न सकिन्छ भन्ने पहलहरूका साथ अघि बढ्नुपर्छ।त्यसका साथै प्रदेशमा रहेको भूकम्प मापन केन्द्रको स्रोत, उपयोग गर्न सकिने पनि सङकेत गर्नुभयो।

### १०. कर्णाली प्रदेशको उर्जा क्षेत्रको अवलोकनः मुद्दाहरू र चुनौतीहरू

### प्रस्तुतकर्ताः सुरेंद्र राजभण्डारी

सुरेंद्र राजभण्डारी ज्यूको अनुसार ४ ओटा महानगरपालिका पुरै विद्युतीय भएको छ। ९ वोटा उप-महानगरपालिका आंशिक रूपमा विद्युतीय भएको छ भने १० वोटा नगरपालिकामा अझै पनि बिजुलीको पहुन्च भएको छैन। कर्णाली र महाकाली बेसिन(basin) मा सबै भन्दा धेरै उर्जा उत्पादनको क्षमता भएको देखिन्छ। हाइड्रोपावर(hydropower) को अनुमती पत्रको स्थितीको बारेमा भन्ने हो भने १७,६०५.३७ MW सरभे(Survey) अनुमती पत्र र ७,२७३.८२ MW उत्पादन अनुमती पत्र कर्णाली प्रदेशको लागि भनेर जारी गरिएको छ। कर्णाली प्रदेशको विद्युत वितरणको वर्तमान स्थिति दयनिय देखिन्छ। ग्रिड(Grid) बिजुली सम्म पहुंच एक्दम खराब छ । उहाँको अनुसार नगरपालिका र गाउँपालिकाहरु पुरै विद्युतीकृत भईसकेको छैन।

कर्णाली प्रदेशमा प्रस्तावित विधुत वितरण प्रणालीको विस्तार योज्नाहरु यस् प्रकार छनः

- ४५ वोटा माइक्रो/मिनी एचईपी (HEP) जसको क्षमता ४३.१ MW, ३३ वोटा सौरउर्जा परियोजना जसको क्षमता ३३ MWp विकसित गर्ने
- ३३/११ kV को ३२ वोटा र 11 kV को ३८ वोटा प्रसारण लाइन बिस्तार गर्ने

कर्णाली प्रदेशमा उर्जा क्षेत्र विकासको लागि नीति विचारः माध्यमिक र दीर्घकालिक उर्जा क्षेत्र योजनाहरू उत्पादन, प्रसारण र वितरण विकास गर्ने; उर्जा क्षेत्र विकासको लागि अनुकूल वातावरण सिर्जना गर्ने; प्रक्रियाहरु सरल बनाउने; प्रशोधनलागि समन्वय गर्ने ।

## ११. कर्णालीको कृषिको चुनौती र अवसर

**प्रस्तुतकर्ताः कृष्ण प्र. पौडेल**

कृष्ण प्र. पौडेल ज्यूको भनाइ अनुसार बदलिएको खाद्य र कृषिको सन्दर्भ हेर्नुपर्दा मानवमात्र केन्द्रित भएर विकाश गर्न संकट हुने । खाद्यमा संकट आउने र यसका कारकः घटदै उत्पादन क्षमता, खानेकुरामा परनिर्भरता र यसलेगर्दा माटो र मानव स्वास्थ्यमा जोखिम पुर्याउछ। त्यस्तै नेपाली कृषिमा भु–राजनीतिकको प्रभाव र फेरिदै जलवायु र प्रबिधि पनि हुन् ।उहाँले नेपाली कृषि विकाशका मुल समस्याको बारेमा भन्नुपर्दा रसायनमा आधारित व्यापारिक कृषि उत्पादन हो जसलेगर्दा माटोको उत्पादकत्वमा कमी र खानेकुरामा मन्द विषको काम गर्छ जसलेगर्दा चिनिरोग, रक्तचाप, मुटुरोग, क्यान्सर र मिर्गौलाले काम नगर्ने जस्ता स्वास्थ्य समस्या उत्पन्न हुन्छ।

कर्णालीमा कृषिको चुनौतीहरु भनेका जैविक कृषिका भ्रमहरु, नीतिगत निर्णय र यसको पालना र जनचेतना र प्रविधि विस्तार हो। कर्णालीमा जैविक खेतिको कुरागर्दा केहि मौका र केहि बाध्यताहरु छन्। मौकाको कुरागर्दा यो चाही स्वस्थ्य खानाको श्रोत बन्नपुग्दछ र साथसाथै मौका अनि बाध्यता कम बाह्य श्रोतको परिचालनःदिगो प्रकृति, आम्दानी र रोजगारी ,७५% भन्दा बढि क्षेत्र आफैमा जैविक (अति शुद्धताको कुरा नगर्दा) र जैविक उत्पादनको माग भित्र बाहिर नै निरन्तर बढ्दै जान्छ। त्यस्तै खानेकुरा, अर्थतन्त्र, वातावरण तथा माटो सुधार्नै पर्ने र सम्म मैदानी कृषिसँग आम उत्पादनमा प्रतिस्प्रर्धा गर्न नसकिन कर्णालीमा जैविक खेतिको बाध्यताहरु हुन्।

## १२. कर्णाली प्रदेशमा जलवायु परिवर्तन र विपदको जोखिम र विलोपनको संदर्भ

**प्रस्तुतकर्ताः पोपुलर जेन्टल**

गएको ४४ वर्षमा कर्णाली प्रदेशमा वायुपरिवर्तनको अवस्था कस्तो थियो भन्ने कुरालाई स्पस्ट पार्न प्रवृत्ति विश्लेषणको बारेमा कुरा गर्नुभएको छ र ति डाटाहरुको विश्लेषण गरि आगामी ३० वर्षमा कर्णाली प्रदेशको परिदृश्य कस्तो हुन्छ भन्ने बारेमा कुरा गर्नुभएको थियो। उहाँले अधिकतम तापक्रम औसतको रूपमा गएको ४४ बर्षमा कर्णाली प्रदेशको सबै जिल्ला र मौसमहरूमा बढेको देखिन्छ । मौसमको समय र जिल्लाभरी एकदमै धेरै भिन्नता देखिएको छ जस्तैः जाडो महिनामा तापक्रम बढ्ने धेरै हुम्ला र डोल्पामा, प्री-मनसूनको तापक्रम बढ्नेक्रम हुम्ला र कालिकोटमा धेरै छ र पोस्ट मनसूनको तापक्रम बढ्नेक्रम डोल्पा र जुम्लामा धेरै देखिएको छ। त्यस्तै न्यूनतम तापक्रम (औसत वार्षिक $^{0}$C) गएको ४४ बर्षमा कर्णाली प्रदेशको जिल्लाहरुमा

कुरागर्नुपर्दा  हुम्ला र मुगुमा चाही एउटा एस्तो जिल्ला हो जुन चारै ओटा मौसममा न्यूनतम तापक्रम घटीरहेको देखिएको छ।यो प्रदेश अरू प्रदेशहरु भन्दा एकदमै अनौठो किसिमको छ।

कर्णालीको धेरै जसो जिल्लाहरुमा जाडो महिनामा न्यूनतम तापक्रम घटिरहेको छ तेस्तै प्री -मनसूनको समयमा हुम्ला ,मुगु ,जुम्ला, डोल्पा, जाजरकोट, दैलेख र रुकुममा न्यूनतम तापक्रम घटिरहेको, मनसूनको महिनामा हुम्ला र दैलेखमा न्यूनतम तापक्रम घटिरहेको र पोस्ट मनसूनको महिनामा हुम्ला, मु गु, जुम्ला, डोल्पा, जाजरकोट र दैलेखमा न्यूनतम तापक्रम घटिरहेको देखिएको छ।कालिकोट  र रुकुम  बाहेक औसत वार्षिक वर्षाको सामान्य प्रवृति बढिरहेको छ।बर्षाको औसत कालिकोट र रुकुममा एकदमै घटिरहेको छ ।जलवायु परिवर्तनले गर्दा कृषि र खाद्य सुरक्षा, जलश्रोत, वन र जैविक विविधता, भौतिक संरचनामा एकदमै धेरै प्रभाव परेको छ ।र लगभग सबै विकासका प्राथमिकता र लगानी क्षेत्रहरूमा विचार गरि जलवायु र विपद जोखिम र हानिकारकतालाई कम गर्न आवश्यक पर्दछ।

**१३. प्राकिर्तिक स्रोतलाई कर्णाली प्रदेशमा कसरी उपयोग गर्ने?**

**प्रस्तुतकर्ताः जनार्दन लामिछाने, पीएचडी**

जनार्दन लामिछाने ज्यूको अनुसार नेपालको अनुसन्धानको सम्भावना कृषि उत्पादनमा विकास,सुरक्षित खाद्य उत्पादनहरू (खाद्य सुरक्षा), औषधी जडी बूटि को संरक्षण र उपयोग , स्वास्थ्य हेरविचार उत्पादन र स्वदेशी प्रविधिको संरक्षण र यसको विकास र उपयोग  तिर हो ।र अब को अनुसन्धान पेपरमा मात्र सिमित नभएर त्या बाट आउने नतिजा  किसानहरुको स्तरमा पुग्नुपर्दछ भन्ने कुरालाई स्पस्ट पर्नु भएको छ ।सरकारले प्रविधि विकास र सामुदायिक कार्यक्रम (२०७३/०७४) चलाएको छ जस्तै हुम्लाको एक किसान सामुदयामा मेडिसिनल प्लान्ट्सहरु को वितरण गराई अभिविन्यास कार्यक्रम र आर्थिक  सहयोग प्रदान गरिएको छ। त्यस्तैगरी कैलालीमा पनि क्यामोमाइल र मेन्टाहा बिरुवाहरू किसानहरूलाई वितरण गरिएको छ र  यसकोलागी ६ .५ हेक्टर जग्गा बिरुवा रोपणको लागि सरकारले लगानी गरेको छ।

त्येस्तै राम्रोखाल्को जडिबुटीहरुको बारेमा भन्नुपर्दा जुम्लामाः एटिस (बिरुवा उत्पादन - ८०००), सुगंधवल (३,०००), लोथ सल्ला (३,०००), रोजमेरी (३,०००), डेल चुक (१,०००), एकर करा (३०,०००), अन्य (२,०००) धिता चौर संयंत्र बगैचामा सरकारले लगानी गरेको छ । र कैलालीमा : कुरिलो (बिरुवा उत्पादन — २०,०००/ ४०,०००), विजया साल (१०,०००) र बोजोहो (१,०५०) देरीरिया पौडी खेतीमा लगानी गरेको छ।नास हुन गइरहेको अतिनै संवेधनशील बिरुवाहरूलाई कसरि आफ्नै बासस्थानमा उत्पादन गर्ने आधारमा जुम्लामाः ऋणी  समुदाय वन, महारुद्र समुदाय वन  र सलिम समुदाय  वनमा किसानहरुलाई लगानी गर्न सरकारले सहयोग पुर्याएको छ।सरकारका सबै प्रयासहरूको बावजुद यस क्षेत्रमा कुनै उत्पादक देखिएको छैन र यसका कारणहरू भनेको यस प्रयासको बावजूद कुनै व्यवसाय उन्मुख उद्योग विकसित नभएको जसलेगर्दा ६० % अवैध व्यापार देख्यो, उद्योगहरू अनुसन्धानसँग सम्बन्धित छैनन् र राजनीतिक अस्थिरता हुन् ।

## १४. कर्णाली प्रदेशको सांस्कृतिक समृद्धि
## प्रस्तुतकर्ताः डा. माधव प्रसाद पोखरेल – अध्यक्ष, नेपाल विकास अनुसन्धा प्रतिष्ठान

डा. माधव प्रसाद पोखरेल ज्यूले कर्णाली प्रदेशका विभिन्न जातिहरुका निम्न लिखित चलनहरु प्रागितिहासिक मानव सभ्यताको अवशेषका रूपमा देखिन्छन् बताउनु भयो। उहाँको अनुसार नेपालमा राउटेहरुले प्रागितिहासिक सभ्यताको चिनारी दिन्छन्। राउटे जातिले आफूलाई जङ्गलका राजा मान्दछन्। उहाँले फिरन्ते प्रकृतिका राउटेहरु अहिले सम्म पश्चिममा बझाङ, उत्तरमा मुगु जिल्लाको रारा ताल, दक्षिणमा दाङ हुँदै कैलाली अनि महेन्द्रनगर, र पूर्वमा रोल्पासम्म पुगेका कुरा बताउनु भयो। अस्ट्रियाली मानव शास्त्री राइनहार्टले सुर्खेतमै एउटा कुसुन्डा भाषा भेटेका थिए। सुर्खेतमा पनि केही कुसुन्डा छन्, तर तिनीहरुलाई कुसुन्डा भाषा बोल्न आउँदैन।

कर्णाली प्रदेशमा १०-१२ ओटा मातृभाषा (नेपाली, खस, राजी, राउटे, मगर (खाम, काइके, पोइके र ढुट), थारु, मुगाली-कार्मारुङ, हुम्ली भोटे) हरु बोलिन्छन्। त्यहाँका रैथाने बादी, चुनारा र गुरुङहरुले नेपाली अथवा खस भाषाकै कुनै भेद दैनिक बोलचालमा प्रयोग गर्छन्। उहाँको अनुसार कर्णाली प्रदेशको पश्चिम रुकुममा पहिलो किसिमको भाषा बोल्ने मगरहरु छन्, डोल्पा जिल्लामा दोस्रो किसिमको मातृभाषा बोल्ने मगरहरु छन् भने, सुर्खेत र दैलेख जिल्लामा चाहिँ तेस्रो किसिमको मगर भाषा बोल्ने मगरहरु छन्। कर्णाली प्रदेशमा पर्ने मुगु जिल्ला अति विकट, दुर्गम र पिछडिएको जिल्ला हो । यस जिल्लामा मुगु कर्णाली र हुम्ला कर्णाली जस्ता ठुला नदीहरु बगेका छन्। नेपालको सबै भन्दा ठुलो ताल रारा पनि यसै जिल्लामा रारा राष्ट्रिय निकुञ्जको बिचमा रहेको छ। रारामा अन्त कहीं नपाइने असला जातको हिमाली माछा पाइन्छ। धेरै उचाइ भएको जिल्लामा पनि धानको खेती गर्न मिल्छ कि भनेर अनुसन्धान गर्ने चन्दननाथले धानको बिउ भारतको काश्मीरबाट ल्याएर जुम्लामा धान (कालो मार्सी धान) को खेती गराएका हुन् । जुम्लाको छुमचौर (२८६० मिटर) मा संसारको सबभन्दा अग्लो ठाउँमा धान खेती हुन्छ। कर्णाली प्रदेशका धार्मिक स्थलहरुका आख्यानहरुको सङ्ग्रह, प्रकाशन, प्रचार, प्रशिक्षण, शिक्षण र बजारीकरण आवश्यक छ। सुर्खेतमा आउने जुम्लाको सिमी र स्याउ, अछाम र दैलेखको सुन्तला, सल्यानको खुकुरी र छुर्पीको व्यापक बजारीकरणको आवश्यकता छ। कर्णाली प्रदेशमा खस जातिको सामाजिक, सांस्कृतिक र राजनीतिक प्रभाव सबभन्दा बलियो देखिन्छ। कर्णाली प्रदेश लोक संस्कृतिका दृष्टिले निकै धनी मानिन्छ। कर्णाली प्रदेशमा अनुसन्धाताहरुले सङ्कलन गरेका सामग्रीहरुमा पनि कर्णाली प्रदेशका महत्त्व पूर्ण ग्रन्थ र दस्तावेजहरु पाइन सक्छन्। कर्णाली प्रदेशमा कतै महिलाहरुको शासन छ, कतै महिलाहरु माथि छन्, कतै महिलाहरु बराबर छन् भने अधिकांश जातिमा महिलाहरुको स्थान पुरुषहरुको भन्दा तल छ।

## १५. कर्णाली प्रदेशको आवधिक योजना निर्माणमा स्थानीय तहको सहभागीता र योजनाको चित्रण
## प्रस्तुतकर्ताः कोपिला पोखरेल, अर्थशास्त्री

कोपिला पोखरेल ज्यूले कर्णाली प्रदेश भौगोलिक रुपमा विकट, आर्थिक र सामाजिक रुपमा अरु प्रदेश भन्दा पछाडी छ बताउनु भयो । उहाँले हामीसंग ७९ स्थानीय सरकार छन्, ४०५ भन्दा बढी सक्रिय युवा जनशक्ति छ, भने २०५ भन्दा बढी भूभाग छ, प्रशस्त जैविक विविधता छ, झन्डै ७००० प्रजातिको वनस्पतिमा, १०५ जडीबुटी छन् भन्नु भयो। नीति तथा कार्यक्रममा प्रदेश, संघ र स्थानीय तहको साझेदारीमा गर्न सक्ने सम्भावित

योजनाको सूची परियोजना बैक बनाउने कुरा छ। हाम्रा योजनाहरु –यातायात, विद्युत, सचना र प्रविधि, पर्यटन र व्यपार जस्ता विषयमा छन् ।तर स्थानीय तहहरुको सहभागीता कसरी गर्ने र प्राथमिकता के हो त्यसको सूचना र विस्तृत विवरण प्रदेशसंग छैन।उहाँको भनाइ अनुसार हाम्रो उधेश्य १० वर्षमा समृद्ध प्रदेश बनाउने हो, प्रति व्यक्ति आय ५ बर्ष भित्र २१०० अमेरिकी डलर बनाउने, २५ % सम्म भोकमरीको र गरिबीको अन्त्य गर्ने बताउनु भयो।तर भौगोलिक विविधता र स्थानीय तहहरुको क्षमता र तिनीहरुले सञ्चालन गर्ने कार्यक्रमले प्रदेशको समग्र लक्ष्यमा असर पार्ने हुनाले उनीहरुको सहभागीता र कार्यक्रममा एक रुपले मात्र सम्भव हुनसक्छ भन्ने कुरामा कम ध्यान दिएका छौं।

उहाँले हामी आफ्नो गन्तव्यमा पुग्नको लागि विकास योजनाको तयारी गरि - स्थानीय तहको सहभागिता, समावेशी तथा स्थानीय तहहरुको योजनाको आधारमा, नतिजामूखि, अनुसन्धनमा आधारित, र यर्थातपरक, विभिन्न सरोकारवालाहरुसंग छलफल गरी प्राथमिकीकरण गर्ने बताउनु भयो। त्यसको लागी स्थानीय सरकारलाई प्रदेशको योजनामा सहभागीको लागि स्थानीय सरकार तथा सरोकारवालाहरुबीच परार्मश गर्ने र बैज्ञानिक ज्ञान र सूचना प्रदेश तथा स्थानीय तहसम्म पुऱ्याउने कुरा गर्नुभयो।

## १६. कर्णालीमा सुरक्षित एकीकृत बस्ती विकासको आवश्यकता

**प्रस्तुतकर्ता: दीपक बहादुर बुढा**

कर्णाली विकास आयोगको पुर्ब सदस्य दिपक बहदुर बूढा ज्यूले कर्णालीमा सुरक्षित एकीकृत वस्ती विकासको आवस्यकतामा आफ्नो प्रस्तुति जनाउनुभयो ।बूढा ज्यूको अनुसार कर्णालीमा एकीकृत वस्तीको कुरा एकीकृत वस्ती मा मात्रै सिमित नभइ सुरक्षित वस्तीमा केन्द्रित रहनु पर्ने जनाउनुभयो। विषय प्रवेशको सन्धर्भमा वहाले भूकम्पीय जोखिमको कुरा गर्नु भयो। पश्चिम पोखरा देखि पुर्व देहरदुन सम्मको हिमवत् खण्डको बीचको भाग कर्णाली पर्न जान्छ। सम्भवत केहि समय पछि ठुलो भुकम्प जाने खतरा हुदा वस्तीविकाश अनिवार्य भईसकेको र यो क्षेत्रमा काम गर्न आवश्यक रहेको बतउनुभयो।

अगाडी बढ्दै जादा उहाँले भिरालोपनाले गर्दा असुरक्ष्यता र त्रासको बीचमा बाच्नु पर्ने कर्णाली वासि सरकारी सुविधाहरुबाट निकै टाढा रहेको कुरा औलाउनु भयो। उहाँले नेपालको सन्धर्भमा सुरक्षित एकीकृत वस्तीको कुरा गर्दा बहस गर्नुपर्ने दुइटा मोडलको जानकारी दिनु भयो। प्रथम मोडल अनुसार २० हजार भन्दा बढी जनसंख्या भए पछि नगरपालिका घोषणा गर्नु पर्नेछ र दोश्रो मोडल अनुसार जता जता ट्र्याक खोलिएको छ त्येसको साइडमा वस्ती विकाश गर्नु पर्ने अनिवार्य देखेको छ। निष्कर्षमा उहाँले प्राकृतिक रुपमा भिरालो, बाढी पहिरो आउने र नदी कटानले विपत ल्याउनुले कर्णालीका चार जिल्लाका जम्मा १०२५ गाउँ मध्ये ७०४ गाउँ अर्थात् मात्र ६८.६८ प्रतिशत गाउँ सामान्य रुपमा सुरक्षित देखिएका, ३१८ गाउँ अर्थात् ३१.०२ प्रतिशत गाउँ उच्च जोखिममा रहेको यसैले कर्णाली मा सुरक्षित एकीकृत बस्ती विकास गर्न अत्यन्त आवश्यक देखिएको बताउनु भयो।

## १७. कर्णाली प्रदेश सफा चुलो अभियान

**प्रस्तुतकर्ता: सम्राट राज सत्याल, मेकानिकल ईन्जिनियर कम्युनिकेसन यन्ड इनर्जि डेभलपर्स प्रा लि**

सम्राट राज सत्याल ज्यूले कर्णाली प्रदेश सफा चुलो अभियान नामक शीर्षकमा आफ्नो प्रस्तुति दिनुभयो। सत्यालजीको अनुसार नेपालको कुल जनसंख्या मध्ये ७५ ले अझै पनि खान बनाउन इन्धन को लागि ठोस बायो मासमा निर्भर छन् भने कर्णालीमा ९०% छन्। यो निर्भरता २०३० सालसम्म यथावत रहने जनाइएको छ। २०३० सम्ममा नेपालका जम्मा २५% नेपालीले विधुतिय इन्धनको प्रयोग गर्ने छन्। कर्णालीमा खान बनाउन विधुतिय इन्धन उपलब्ध गराउन अझै कम्तिमा १० वर्ष लाग्ने आकडा गरिएको बताउनुभयो। कर्णाली प्रदेश सरकारले दाउराको निर्भरता न्यूनीकरण गर्न नविकरनिय र सफा उर्जाको प्रयोग गर्ने निस्कर्ष गरेको छ जुन सरकारले कल्पना गरेको २ लाख नमुना वस्तीमा तुरुन्तै लागु गर्न सकिने उल्लेख गर्नुभयो (फिस्कल २०१८/२०१९)।सत्यालज्यूले आफ्नो प्रस्तुतिमा विभिन्न सुधारिएको चुलोहरुको कुरा गर्नु भएको छ जसमध्ये मेटालिक आई.सी.एस. चुलोको सकारात्मक प्रभावहरुको बारेमा बोल्नु भएको थियो।उहाँले वातावरणमा हुने प्रभावहरु: दाउराको चुला प्रयोग नगर्नाले हरित गृह ग्यासको उत्सर्जन कम भई वातावरणलाई स्वच्छ राख्दछ; स्वास्थ्यमा हुने प्रभावहरु: सास-प्रशसमा आउने जोखिमहरु न्यूनीकरण हुन्छ भन्नु भयो।

उहाँको भनाई अनुसार कर्णाली प्रदेश सरकारले कूकिंग प्रविधिको उत्थान गर्न नीतिहरुमा परिवर्तन र सुधार गर्न आवश्यक देखिएको छ।उहाँले सरकारले चुलो वितरण गर्नु भन्दा हरेक घरमा एउटा सफा चुलो पुर्याउने लक्ष्यमा पुग्न बजेट छुट्टयाउन आग्रह गर्नुभयो। सुधारिएको सफा चुलो स्वदेशमै उत्पादन गर्नुपर्ने बताउनु भयो। मेटालिक आई.सी.एस चुलोको आर्थिक चुनौतीको विषयमा कुरा गर्दा, आई.सी.एस. चुलोको लागि अनुदान दिएता पनि, दियिएको अनुदान कसरि उपभोक्तासंग सजिलो तरिकाले पुग्छ भन्ने प्रक्रिया सन्तोक जनक नरहेको भन्नुभयो। उहाँले उपभोक्ता र निर्माता बिचको खराब संचारका कारण प्रयोगकर्ताहरुसंग कुकिङ्ग स्टोबका मोडलको विकल्पमा कमि, वैकल्पिक नया मोडलको लागि अनुशन्धानको कमि , महँगो , र आई.सी.एस चुलोको निर्माणको लागि उपयुक्त तालिम चाहिने जस्ता प्राविधिक चुनौती रहेको बताउनुभयो। सत्यलजीले आई.सी..एस चुलोका वाधाहरु हटाउन सुझावका रुपमा सार्वजनिक र निजि क्षेत्रको सझेधारी उपयुक्त रहने बताउनु भयो। साझेधारीद्वारा निर्माण, विक्री, योग्यताको मुल्यांकन लगायत स्मार्ट सहायता, वित्तापोषण, जागरुकता र क्षमता निर्माण गरे उपभोक्ता लाभायित हुने बताउनु भयो। आई.सी..एस.मा गरिने लगानीको सुरक्ष्याको आश्वाशन एउटा महत्वपुर्ण पाईला रहेको जनाउनु भयो। अन्त्यमा, लगानीको लक्ष्य एक निश्चित मिशन प्राप्त गर्न नभयिकन बजारलाई आत्मनिर्भर बनाउन आवश्यक छ भनि जो्ड दिनुभयो।

## १८. इ-गभर्नेन्स

**प्रस्तुतकर्ता: सुर्य बहादुर बस्नेत**

बस्नेत ज्यूले आफ्नो प्रस्तुतिको सुरुवात इ - गभर्नेन्सको इतिहासबाट गर्नुभयो।उहाँको अनुसार कर्णाली सरकारले इन्टरनेटको सुविधालाई हरेक नागरिकको अधिकारको रुपमा हेर्न जरुरि छ । इ- गभर्नेन्स जानकारी

र संचार प्रविधिको प्रयोग गरि सरकारी सेवा वा जानकारीको पहुँच बढाउनको लागि हो जसले नागरिक, व्यावसायक साझेधारी, कर्मचारीलाई लाभ पुर्योउन सक्छ। उहाँको अनुसार इ - गभर्नेन्सले सरकार र नागरिक बिचको दुरी कम गर्न, उत्पादकता बढाउन, नागरिकहरुमा लाभ विस्तार गर्न, समाजको नया भागहरु प्रशासन क्षेत्र अन्तर्गत ल्याउन सहयोग गर्नेछ । उहाँले इ- गभर्नेन्स कम्प्युटर र वेब-साईटको बारेमा नभई नागरिक र व्यवसायको लागि रहेको र इ-गभर्नेन्स प्रक्रियाको अनुवाधन नभई प्रक्रियाको परिवर्तन हो भन्नेमा जोड दिनुभयो। इ - गभर्नेन्स इन्टरनेट मात्र नभई टेलीफोन, फ्याक्स, सी.सी.टि.भी, स्मार्ट कार्डहरु, त्र्यकिंग सिस्टम, सार्वजनिक सेवाको टि.भी र रेडियो आधारित पहुँच रहेको बताउनु भयो।इ-गभर्नेन्सका उदेश्यहरु: एक अन्तरक्रियात्मक समाज सिर्जना गर्ने; नागरिक सहभागिता बलियो बनाउने; शासकीय प्रक्रियामा लचीलापन ल्याउने; सरकार बढाउने; लागत र प्रतिक्रिया कम गर्ने; रहेको बताउनु भयो।

बस्नेतज्यूले इ-गभर्नेन्सका फाईदाहरुक कुरा गर्दा जानकारी संकलन प्रक्रियालाई निकै सरल बनाउने, सबै स्तरमा नागरिक सहभागिता सुनिश्चित गरी धेरै लोकतान्त्रिक लोकतन्त्रलाई बलियो बनाउने पुष्टयाउन भएको छ। इ-गभर्नेन्सको भागहरुमा सरकार देखि सरकार (G2G), सरकार देखि नागरिक (G2C) , सरकार देखि व्यापार (G2B) र नागरिक देखि सरकार (C2G) रहेको बताउनु भयो। इ-गभर्नेन्सका ४ स्तम्भहरु जनता, प्रक्रिया, प्रविधि र श्रोतहरु हुन र इ-गभर्नेन्सका चरणहरु उर्भर उपस्थिति, उपस्थितिमा व्रिधि, अन्तरक्रियात्मक उपस्थिति, पारदर्शी उपस्थिति र संजालात्मक उपस्थिति रहेको जनाउनु भयो।

आफ्नो प्रस्तुतीमा बस्नेतज्यूले ई-प्रशासनको सफल कार्यान्वयनका लागि केही चुनौतीहरू प्रस्तुत गर्नुभयो जसमध्ये केहि सूचना पारदर्शिता, कानुनी मुद्दा, श्रोतहरुको उपलब्धता, पूर्वाधार एवम ग्रामिण भेगमा नेटवर्किंग, क्षमता र जागरुकता, राजनीतिक इच्छा र सरकारी कर्यवाहिता रहेको थिए । बस्नेतज्यूले आफ्नो प्रस्तुतिमा इ - गभर्नेन्सको मार्गचित्र-दृष्टि, रणनीति, ब्लुप्रिंट, कार्यक्रम, परिथित्रितंत्र दर्शाउनु भयो। इ - गभर्नेन्सका रणनीतिहरु प्राविधिक पूर्वाधार निर्माण गर्ने, संस्थागत क्षमता निर्माण गर्ने , कानुनी पूर्वाधार निर्माण गर्ने, न्यायिक पूर्वाधार निर्माण गर्ने, सबै जानकारी अनलाइन उपलब्ध गराउन रहेको बताउनु भयो ।

## १९. कर्णाली प्रदेशमा सामाजिक संरक्षण को अवधारणा र तर्कहरु

**प्रस्तुतकर्ता: चिजा भण्डारी**

चिजा भण्डारी ज्यूले कर्णाली प्रदेशमा सामाजिक संरक्षण को अवधारणा र तर्कहरु प्रस्तुत गर्नुभयो। उहाँको अनुरुप "सामाजिक सुरक्षा" सामाजिक अधिकार, सेवाहरूको आधारभूत सेट हो जुन हरेक व्यक्तिले पाहुनुपर्छ।उहाँको अनुरुप "सामाजिक सुरक्षा" दुई किसिमका रहेका छन्। सेवाहरू: पानी, स्वच्छता, स्वास्थ्य, र शिक्षा जस्ता आवश्यक सेवाहरूमा भौगोलिक र वित्तीय पहुँच। स्थानान्तरित: आवश्यक सामाजिक स्थानान्तरण को एक मूल सेट नगद इन क्यास ओर इन काइन्ड आय सुरक्षा प्रदान गर्न र स्वास्थ्य हेरविचार सहित आवश्यक स्वास्थ्य सेवाहरूमा पहुँच प्रदान गर्न। सामाजिक सुरक्षाको लागि तर्क प्रस्तुत गर्दा भण्डारी ज्यूले नेपालका अन्तरिम संविधान २००७ र २०१५ को सबै संघीय संविधानको लागि मानव अधिकारको ग्यारेन्टी

गरिएको, मौलिक अधिकारको रूपमा सम्मान र स्वतन्त्रताको साथ बाँच्ने अधिकार, समग्र आर्थिक विकास, असमानता र सामाजिक सुरक्षाको सम्भावना भूमिका, प्रगतिशील नेपालको सपना पूरा गर्न र नेपाली नागरिक को खुशी को लागि सामाजिक सुरक्षा जरुरी रहेको जनाउनु भयो। कर्णली प्राधिकरणमा प्रमुख हानिकारक सामाजिक व्यवहारका मुद्दाहरूको कुर गर्दा लिंग आधारित हिंसा (जीबीवी), बाल श्रम (स्कूल छोड्ने, कम साक्षरता), बाल विवाह/प्रारम्भिक विवाह, छउपडी, भेद्भभब, जीविका चक्र र वयस्क जीवन शैलीहरू, अन्तभूत संरचनाको कमी (शिक्षा, स्वास्थ्य, सडक पहुँच, पुल), भौगोलिक कठिनाइहरू,अपर्याप्त मानव संसाधन, सामाजिक बहिष्करण (उदाहरणार्थ, नेपालमा २१.७ % दलित) का बुधाहरु उल्लेख गर्नु भयो। नेपालमा सामाजिक सुरक्षाका बुधा उलेख गर्दा भण्डारीजीले औपचारिक क्षेत्र सामाजिक सुरक्षा र स्वास्थ्य बीमा, खाद्य कार्यक्रमहरू, रोजगार योजनाहरू, स्वास्थ्य पहुँच, अनुदान जरुरी भएको बताउनु भयो।

## २०. प्रविधि मैत्रि कर्णाली

**प्रस्तुतकर्ता: रेग बहादुर भण्डारी , संयोजक- खुल्ला तथा दुर शिक्षा सानोठिमि क्यामपस, सानोठिमि भक्तपुर**

रेग बहादुर भण्डारी ज्यूले प्रविधि मैत्रि कर्णाली “एक साथ हामी गर्न सक्छौं” भने सिर्सकमा आफ्नो प्रस्तुती जनाउनु भयो। उहाँको अनुसार विधुतिय सुशासनले स्मार्ट सुशासनको परिकल्पना गर्दछ । उहाँको भनाई अनुसार सुशासन चुस्त ,दुरूस्त भई सार्वजनिक सेवाहरूको वितरण, समन्यायिक र निर्णय प्रक्रिया समावेशी हुनु आवश्यक छ। उहाँले कार्य कुशलता र प्रभाकारी कार्यानवयनको साथ उत्तरदायी, पारदर्शि र समावेशि निति तथा नागरिको मागँ अनुकुल डिजिटल प्रविधिको प्रयोग गरी असुमधुर सम्बादका साथ प्रशासनिक अभ्यास गर्नु नै विधुतिय सुशासन (electronic governance) वा स्मार्ट सुशासन हो भनेर जनाउनु भयो। सम्पूर्ण सरकारी कार्यालयहरू कागजरहित वा कम कागज प्रयोग गर्ने, सेवा ३६५X२४X७ प्रदान गर्ने सूचना तथा संचार प्रविधिको सहयोगबाट प्रत्येक नागरिकले सूचना एक किल्किमा प्राप्त गर्ने सक्ने र गुनासो दर्ता, व्यवस्थापन, र समाधान प्रणालिको उदय हुने बताउनु भयो।

भण्डारीजीले प्रदेश न. ६ को सरकारी इ-पोर्टलको व्याख्या गर्नुभयो। उहाँले प्रदेश सरकारले प्रदान गर्ने सार्वजनिक सेवाहरू एउटै ढोकाबाट प्राप्त गर्नका लागि वेब पोर्टल निर्माण गर्न प्रस्तावित गरिएको छ भनी जनाउनु भयो ।पोर्टलबाट निम्न विषय वस्तु जस्तै प्रादेश सरकार को जानकारी, वस्तुस्तिथी, इतिहास, मेरो प्रदेश मेरो गौरव, संस्कृति र सम्पदा, नागरिक र जिवन शैली, पर्यटकिय ठाउँहरू, प्राकृतिक आर्शय, वासस्थान र गन्तवय, यात्रा सारथी, यात्राको मोड, भूगोल र ट्राभल एजेन्ट बारेमा जानकारी प्राप्र गर्न सकिन्छ भनी जानकार गराउनु भयो । उहाँले सूचना तथा संचार प्रविधिमा आधारीत सेवाहरूको व्याख्या गर्नुभयो। शैक्षिक क्षेत्रमा सूचना तथा संचार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरू तर्जुमा गरी लागू गरिने छ भनेर उल्लेख गर्नुभयो। शैक्षिक क्षेत्रमा सूचना तथा संचार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरू तर्जुमा गरी लागू गरिने छ भनेर उल्लेख गर्नुभयो। उहाँले प्रादेशक भिडियो कन्फ्रेन्सिङ् प्रणाली को बारेमा पनि आफ्नो विचार दिनुभयो जसको उपयोगले यात्राको

खर्चबिना नै अधिक उत्पादनशिल कार्यसम्बन्धहरुलाई स्थापित गर्न सकिने, छरिएर रहेका कार्य शक्तिलाई, तिनीहरुको उत्पादकत्वमा अभिबृद्धी गर्न सकिने र ज्ञानलाई स्थानान्तरण गर्न सकिने टिप्पणी दिनुभयो। त्येसपछि उहाँले सरकारले पनि विकास निर्माणको कार्य तिव्र गतिमा अघि बढाएको र हरेक आर्थिक बर्षको समापन संगसगै नया बजेट र नयाँ योजनाका कार्यहरु बन्ने बताउनु भयो। उहाँले प्रदेशबासीसामु विकास योजनाका कार्य पारदर्सी र व्यवस्थित बनाउन योजना व्यवस्थापन प्रणाली जस्ता सफ्टवेयरको प्रयोग गर्नु आवश्यक रहेको पुष्टि गर्नुभयो।

सफ्टवेयरको कार्यगत विशेषताहरुको कुरा गर्दा उहाँले बार्षिक योजना बनाउन सकिने,योजना कार्यक्षेत्र निर्धारण गर्ने सकिने, निर्धारण गरिएको कार्यक्षेत्रलाई वर्गिकरण गर्ने सकिने , योजनाको लागि विनियोजन भएको बजेटको व्यवस्थापन, योजनाको प्राविधिक प्रतिवेदन सफ्टवेयरमा Upload गरि समावेश गर्ने व्यवस्था, उपभोक्ता समितिको विवरण राखि उल्लेख अनुसारको रकम जम्मा गरिएको बैंक भौचरको फोटो राख्ने व्यवस्था भएको सफ्टवेयर जरुरी रहेको बताउनु भयो। उहाँले विकासका लागि सूचना प्रविधिको भरपूर उपयोग, डाटा सेन्टरको स्थापन, कर्णालि प्रदेशको विश्वमान चित्रमा पहुँच र ज्ञानमा आधारीत उधोगको सृजना गर्नु आफ्नो आपेक्षित परिणामको रहेको भन्दै आफ्नो प्रस्तुती टुंग्याउनुभयो।

## २१. सामाजिक सुरक्षा तथा संरक्षणका नीति तथा योजना तर्जुमाका लागि केही सुझावहरु

**प्रस्तुतकर्ता: राकेश कर्ण, अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट**

राकेश कर्ण ज्यूले सामाजिक सुरक्षा तथा संरक्षण किन र कसका लागि गर्ने भन्ने विषयवस्तुमा बोल्नुपर्दा सामाजिक सुरक्षा तथा संरक्षण गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो भन्ने कुरालाई जोड दिनु भयो। र यसले गर्दा समावेशी विकास र दीगो विकास लक्ष्यका प्रमुख नतीजाहरुको प्राप्तिमा महत्वपूर्ण योगदान पुऱ्याउँछ बताउनु भयो। यो चाही आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, लोपोन्मुख जातिका नागरिक, दलितहरुको लागि हो।

सामाजिक सुरक्षा र संरक्षणका मुख्य लक्ष्य भनेको कार्यक्रमलाई समावेशी, गुणस्तरीय, प्रभावकारी र जनमुखी बनाई कल्याणकारी राज्यको स्थापनामा योगदान पुऱ्याउने हो। सामाजिक सुरक्षाका कार्यक्रमहरूमा सबैभन्दा विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्ने, विद्यमान सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी एकीकृत, सरलीकृत र प्रभावकारी बनाउने उद्देश्य लिएको छ।

उहाँले सामाजिक सुरक्षा तथा संरक्षणमा आइपर्ने चूनौतीहरु पनि उल्लेख गर्नु भयो: प्रणालीको एकीकृत ढाँचाको अभाव, संघीय संरचनामा सामाजिक सुरक्षाका क्षेत्रमा नीतिगत, कानूनी र प्रणालीगत समन्वय र साझेदारीको आवश्यकता,योगदानमूलक स्वास्थ्य एवम् सामाजिक बिमालाई सरलीकृत र वैज्ञानिक गर्नुपर्ने, नीजी तथा सहकारी क्षेत्रलाई सुरक्षण (बिमा) का कार्यक्रमहरू सञ्चालन र विस्तार गर्न प्रोत्साहन र सोको प्रभावकारी नियमनको लागि संघीय ढाँचा अनुरुपको नीति र प्रणालीहरुको आवश्यकतामा जोड दिनु भयो। हालको सामाजिक सुरक्षा

प्रणाली र संरचनामा नीतिगत, कानूनी र नियमनकारी ढाँचा र प्रक्रियालाई परिमार्जन गर्दा सामाजिक रुपले समावेशी, आर्थिक रुपले दीगो, प्राविधिक रुपले सरल, र प्रशासनिक रुपले सहज बनाउनु पर्नेछ भन्नु भयो।

## २२. क्रिस्टल बायो एनर्जी

**प्रस्तुतकर्ता: जनक भट्टराई**

जनक भट्टराई ज्यूले क्रिस्टल बायो एनर्जी नेपालको सन्दर्भमा १४ वर्ष देखि अनुसन्धान गर्दै आएको बताउनु भयो। यसले गरीबी कहाँ छ र त्यसको प्रमुख कारण पत्ता लगाउन काम गरिराखेको छ।सज्जिवन (Jatropha) वातावरण संरक्षण, दिगो ग्रामिण विकास, सामाजिक आर्थिक विकास, गरिबी निषेध, दिगो नवीकरणीय उर्जा, कृषि ग्रामिण क्रान्ती, कार्बन डाइआक्साइड ($CO_2$) उत्सर्जनको कमीको लागि एकदम महत्तपूर्ण विरुवा हो।

उहाँले यस क्रिस्टल बायो एनजी कम्पनीको उद्येश्य किसानको आर्थिक वृद्धि बढाउने र देशको आर्थिक वृद्धि बढाउने, र, खेती गर्ने वर्गलाई सस्तिकरण गर्ने बताउनु भयो।त्यसैगरी यसकम्पनिको उद्येश्य पछाडीको कडी र अगाडीको कडी बढाउने हो। पछाडीको कडी किसानले काम गरेर पाउने करको नेट विवरण आउदैन तबसम्म राजस्व आउदैन भनेर यस कार्यलयले विश्वास गर्दछ ।अगाडीको कडी भनेको मल, पेट्रोल, डिजेल जबसम्म उत्पादन गर्न सकदैनौ तब सम्म पैसा बाहिर जान रोक्न सक्दैनौं।कार्बन डाइआक्साइड र सल्फ़र डाइआक्साइड र अरु हानिकारक ग्यासँहरुलाई सज्जिवनबाट न्यूनीकरण गर्न सकिन्छ।सज्जिवनको बिउ बाट बायो डिजेल निकालन सकिन्छ।र यो बायो डिजेल गाडी, हवाइजहाज, जहाज, रेल र कारखानाहरु राखन सकिन्छ ।

उहाँले चुरे क्षेत्रको मानव संसाधनको वर्तमान उपयोगको लागि प्राकृतिक स्रोतहरु को प्रबंधन र सामाजिक र आर्थिक उपयोगको लागि संरक्षण गर्ने बताउनु भयो।यो विरुवा अनाज खेतीमा लगाउन सक्छौं, र व्यवसायिक रोपन, वागवानी, सुक्षम खेतीको लागी पनि उपयुक्त छ भन्नु भयो। संगसंगैं यस विरुवाको बायो पम्पले ५०० लिटर पानी आरक्षित गरेको हुन्छ र यस विरुवाको आयु ५० वर्ष सम्म हुन्छ भन्नु भयो। तथापी यसको खेती विधिहरुमा बिउको प्रचार गर्न सकिन्छ।नेपालको हावा, पानी र माटो अनुसार सज्जिवन रोपण धेरै लाभकारी देखिन्छ।उहाँको अनुसार यस विरुवाको रोपण रौटहट जिल्लामा ५०० हेक्टर जमिनमा खेती गरेको छ, त्यसै गरी बर्दीवासमा पोलिब्याग खेती र महत्तरीमा पनि सज्जिवन रोपण गरेको छ। यस कार्यलयले खेती गर्ने वर्ग सबैलाई लाभ हुने गरी नयाँ अवधारणा ल्याएको छ।सज्जिवन रोपण १००% वालुवामा पनि बढन् सफल भएको छ। वातावरणमा एक वर्षमा एउता विरुवाले १२८.४ ग्राम वातवरणमा कार्बन घटने क्षमता हुन्छ। त्यसैगरी, उहाँले एक हेक्टर जमिनमा ०.४२१ टन कार्बन घटने क्षमता हुन्छ भन्ने कुरा प्रस्तुत गर्नु भयो।

## २३. कर्णाली पर्यटन

**प्रस्तुतकर्ता: कैलाश देवान**

कैलाश देवान ज्यूले पर्यटन सबैभन्दा छिटो बढ्दो र संसारको सबैभन्दा महत्त्वपूर्ण आर्थिक क्षेत्र हो भनेर कुरा राख्नु भयो।२०१७ मा, अन्तर्राष्ट्रिय पर्यटक आगमनहरू यु.एन.डब्ल्यू.टी.ओ. टुरिज्म हाइलाइट्सका अनुसार

१.३ अरबभन्दा माथिको नयाँ रेकर्ड माथि पुग्यो। २०१८ नेपाल पर्यटन आगमन १ मिलियनमा पुगेको छ। २०१० देखिको तुलनामा, २०१७ मा नेपालमा ९४०,२१८ ले पर्यटन भित्राएको छ। दिगो विकासको अवधारणा पर्यटनलाई मात्र होइन विश्व, शान्ति, समृद्धि, भागीदारी, र सबै मानिसहरुको लागि आवश्यक छ। अ्रपिल १४, २०१८ मा, प्रधानमन्त्री के पी ओली द्वारा राष्ट्रीयता, लोकतान्त्रिक, सामाजिक न्याय, शान्ति, र स्थिरता विकास र समृद्धिको पाँच आधारमा स्वीकार गरिनेछ। पर्यटनको विकासको मुख्य अवधारणा स्थानीयमा उत्पादन भएको खरिद गर्ने, स्थानीय संस्कृतिको सम्मान गर्ने, ऊर्जा बचत गर्ने, र सम्पदा संरक्षण गर्ने हो। पर्यटन विकासले आर्थिक विकासलाई उत्प्रेरित गर्दछ, प्रदेश व्यापार बढ्छ, प्रदेश र जिल्लाको लगानी बढाउछ, पूर्वाधार विकासको सुधार हुन्छ, कम आय अर्थव्यवस्था, रोजगार र गरिबी कमजोरीको समर्थन गर्दछ । त्यसैगरी सशक्त रोजगारहरू सिर्जना गर्दछ, विशेष विकासलाई बढावा दिन्छ, ग्रामीण समुदायहरूलाई बलियो बनाउँछ, शहरी क्षेत्र पुनर्जीवित गर्दछ, र ट्रेवल टेक मार्फत आयमा सुधार ल्याउदछ।

यस कर्णाली पर्यटन विकासको उद्धेश्य पर्यटनको लागि छोटो अवधि र दीर्घकालिन पर्यटन विकासको ढाँचा बनाउने हो। यस उद्धेश्यले पर्यटनको पर्यावरणीय नीति र रणनीति, योजना, संस्थागत, उत्पाद विकास र विविधता, मार्केटिंग र पदोन्नति, पर्यटन पूर्वाधार, पर्यटन को आर्थिक प्रभाव र पर्यटन लगानी, मानव संसाधन विकास, र सामाजिक सांस्कृतिकको प्रभावहरुलाई जोड दिन्छ। यस अध्ययनमा लघु कार्यहरू (तीन वर्षको) कार्य योजना समावेश गर्नेछ, जुन प्राथमिक कार्यहरूको सुरुवातबाट पर्यटन विकास गर्न पाइन्छ, र पायलट क्षेत्रमा धेरै प्रदर्शन परियोजनाहरूको तयारी पनि गरिनेछ। कर्णाली पर्यटन विकासमा कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश र स्थानीय समुदायका जिल्लाहरु, रारा गंतव्य प्रबंधन संगठन, रारा ताल पर्यटन समिति, र ग्रामीण र गाउँ किसानहरुलाई लक्षित लाभार्थीहरूको रुपमा लिइन्छ। उहाँले यसमा पार्टनर, प्रमोटर, फाइनान्सियल वा लगानीकर्ताहरू किसान, समुदाय र मौजूदा व्यवसायस, ट्रेक, भ्रमण, यात्रा एजेन्सीहरु, आतिथ्य र पर्यटन व्यवसाय, आर्थिक सहयोगको लागि नेपाल सरकार र विदेशी सहायता एजेन्सीहरूबाट ऋण वा अनुदान समर्थनको लागि लिइन सक्छौ बताउनु भयो।

## २४. प्रादेशिक तथा स्थानीय तहहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा विद्युतिय सुशासन स्थानीयकरण

**प्रस्तुतकर्ता: वसन्त वन - सदस्य, राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि परिषद्**

वसन्त वन ज्यूका अनुसार ई-गर्भरनेन्स र डिजिटल कर्णाली बनाउनको लागि चार स्तम्भहरुले विकास गर्न सक्दछः १) भौतिक, २) सामाजिक, ३) आर्थिक, ४) संस्थागत

भौतिक स्तम्भमा उर्जा, जलस्रोत, यातायात, कनेकटीभिटी र फोहर मैला व्यवस्थापनहरु पर्दछ। त्यसैगरी सामाजिक स्तम्भमा शिक्षा, स्वास्थ्य, भवन, मनोरञ्जन, समावेशी सहरी विकास पर्दछ, र, आर्थिक स्तम्भमा बजार बिस्तार, रोजगारी सृजना, जिडिपि योगदान र जनजिविकाको कृयाकलापहरु पर्दछ ।र अन्तयमा, संस्थागत स्तम्भमा सुरक्षा, वातावरण, सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाह, सवलिकरण र क्षमता विकास पर्दछ।

उनले सूचना तथा सञ्चार प्रविधिलाई कम्प्यूटर प्रविधि, दुरसञ्चार प्रविधि र टेलिभिजन प्रविधिको समायोजन हो भनेर बुझाएका छन्। उनले विद्युतिय सुसासनमा साधन स्रोत, प्रविधि, प्रकृया र सेवा प्रदायकको मुख्य भूमिका देखाएका छन्। उहाँको अनुसार कर्णालीमा सिमित जनशक्ति भौगोलिक विकटता, छरिएको वस्तीलाई विश्वको गाउँ (Global Village) मा रपान्तरण गर्न सकिन्छ। ई-गर्भनेन्स भनेको सुशासनको प्रत्याभूती हुनु मुख्य कुरा हो, सरकार, नागरिक तथा व्यवसायी बिच सहज सम्वन्ध स्थापित हुनु हो, प्रकृयामा रूपान्तरण हुनु हो। त्यसैगरी ई-गर्भमेन्टको बुझाई विद्युतीय माध्यमबाट कार्य सम्पादन तथा सेवा प्रवाह गरिदा हाँसिल हुने उपलब्धी Outcome e-Government हो र ई-गर्भनेन्स भनेको विद्युतीय माध्यमबाट कार्य सम्पादन तथा सेवा प्रवाहमा पर्ने प्रभाव Outcome e-Governance हो ।

ई-गर्भनेन्सका पाचँ वटा चरणहरु छन्: १) उदयमान उपस्थिति २) अपरिस्कृत उपस्थिति ३) चलायमान उपस्थिति ४) लेन-देन उपस्थिति ५) संजाल उपस्थिति। उहाँको अनुसार स्मार्ट सिटी र भिलेज भनेको आधुनिक सहर तथा गाउँका विभिन्न किसिमका सम्पत्तिलाई एकीकृत सूचना तथा सञ्चार प्रविधि र इन्टरनेटको समुचित प्रयोगबाट सुरक्षित व्यवस्थापन गरि सहर तथा ग्रामीण विकास गर्ने हो। स्मार्ट सिटी/ भिलेज बनाउन एकीकृत व्यवस्थापन प्रणाली, आईटी क्लस्टर सपोर्ट सेन्टर, सार्वजनिक स्थलमा निःशुल्क वाईफाईको व्यवस्था, तारहरूको भूमीगत सञ्जाल निर्माण, वातावरण तथा प्रकोपको सूचना प्रवाह र स्मार्ट कार्य सम्पादन तथा सार्वजनिक सेवा प्रवाहको निमार्ण हुनुपर्छ। त्यसैगरी, स्मार्ट सिटीको मुख्य पूर्वाधारहरु यी हुनः पर्याप्त पानी आपूर्ति, बिजुली आपूर्तिको आश्वासन, ठोस अपशिष्ट व्यवस्थापन सहित सफाई, कुशल शहरी गतिशीलता र सार्वजनिक यातायात, सस्ती आवास, विशेष गरी गरीबहरूको लागि, मजबूत आईटी कनेक्टिविटी र डिजिटलकरण, सुशासन, विशेष गरी ई-शासन र नागरिक सहभागिता र सुरक्षा विशेष गरी महिलाहरु, बच्चाहरु र बुढाहरुको लागि हो।

## २५. प्रदेश सरकारको कानुन बनाउने दायित्व र अधिकार क्षेत्र

**प्रस्तुतकर्ता: गोविन्द शर्मा वन्दी**

गोविन्द शर्मा वन्दी ज्यूको अनुसार प्रदेश सरकारको कानुन बनाउने दायित्व र अधिकार क्षेत्रमा विधायिकि अधिकारको वाडँफाडँ सम्बन्धी अवधारणा राखिएको छ। सामान्यतया विधायिकि अधिकारको वाडँफाडँका दुईवटा पद्यति रहेका छनः १) एकीकृत पद्वति (Integrated model) २) दोहोरो पद्वति (dualist model)

एकिकृत पद्वतिमा केहि विषयहरु पूर्णरुपमा केन्द्रिय तहका सरकारलाई प्रदान गरिएको हुन्छ तर कतिपय विषयहरुमा केन्द्र र प्रदेश दुवैको समान अधिकार रहेको हुन्छ। त्यस्तै केन्द्रिय सरकारले बनाएको कानुनलाई संघीय एकाईले त्यसको विपरित नहुने गरी कानुन निर्माण गरी व्यवस्थित गर्न सक्दछ। जर्मनी, अष्ट्रिया, स्पेन र दक्षिण अफ्रिकाले एकीकृत वा अन्तर सम्वन्धित पद्धति अपनाएका छन् भने भारत र स्वीटजरल्याण्डमा दुवै पद्धतिका विशेषता रहेको पाइन्छ । दोहोरो पद्धतिले केन्द्र, प्रदेश र स्थानिय सरकारकालागि विभिन्न अधिकारहरु प्रदान गर्दछ । जस अन्तरगत प्रदेश र स्थानिय सरकारका लागि केहि अधिकारहरु साझा वा समान अधिकारको रुपमा रहेको हुन्छ । नेपालको संविधानले दुवै अवधारणालाई समेट्न खोजेको देखिन्छ ।

नेपालको संविधानको धारा १९७ ले प्रदेश सभाको व्यपस्थापिकीय अधिकार सम्वन्धी व्यवस्था गरेको छ । जसअनुसार प्रदेश सभाले संविधानको अनुसुचि ६,७ र ९ वमोजिमको सुचिमा उल्लेख भए वमोजिमका विषयमा कानुन बनाउन सक्दछ । प्रदेश सरकारले बनाउने कानुनहरुमा सहकारिता, समन्वय र सहअस्तित्वको आधार संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानिय तहको सम्बन्धमा झल्किनु पर्दछ ।

प्रदेशले बनाउन पर्ने कानुनका क्षेत्रहरु हुनः कलकारखाना, औद्योगिकीकरण, व्यापार, सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान तथा कम्पनी, अर्गानिक प्रदेश, पर्यटनको विकास, सामाजिक सुरक्षा, सार्वजनिक प्रसासन, र स्थानिय सरकार सम्वन्धी। त्यसैगरी, उहाँले प्रदेशको उद्योग र व्यवसायका लागि कानुन बनाउनु पर्ने क्षेत्रहरु, अर्गानिक प्रदेश वनाउन चाहिने केहि कानुनहरु, पर्यटन विकासका लागि बनाउनु पर्ने केहि कानुनहरु, सामाजिक सुरक्षा र द्वन्दको प्रभाव सम्वोधन गर्न चाहिने कानुनहरु, र प्रभावकारी सरकार संचालन र प्रसासनका लागि चाहिने कानुनहरुको बारेमा आफ्नो प्रस्तुतिमा उल्लेख गर्नु भएको थियो। उहाँले निरंतर र स्थाई सरकारको अवधारणा लागु गर्न जवाफदेहिता कानुन जरुरी छ बताउनु भयो जस्तैः राजनितिक र प्रशासनिक जिम्मेवारीको परिभाषा, प्रशासनिक जवाफदेहिता, सार्वनजिक जवाफदेहिता, नैतिक जवाफदेहिता।

**२६. साधन र स्रोतको ब्रान्ड/प्रकार**

**प्रस्तुतकर्ताः दिप बहादुर शाही - अध्यक्ष, गोरख नाथ ह्यान्ड लूम प्रा लि**

दिप बहादुर शाही ज्यूले कर्णाली प्रदेशमा साधनलाई मानव र स्रोतलाई प्रकृतिको सुन्दरता जनाउनु भयो। यो साधन र स्रोत जिल्ला, नगरपालिका, गाँउ, वडा, कर्णाली प्रदेशमा राम्ररी प्रगोग हुनुपर्ने बताउनु भयो। उहाँले सस्तो सामनको उत्पादन भन्दा, ब्रान्डेड सामनको बढी उत्पादन गनु पर्ने बताउनु भयो।आत्मनिर्भरता भन्दा पनि आत्यत्धमक भावको विकास हुनुपर्ने भनिएको छ ।प्रविधि र टेक्नोलोजीको प्रयोग कर्णाली प्रदेशमा राम्ररी हुनुपर्ने र अन्तयमा आयात र निर्यात शब्दलाई जोडि ओेगेनिक प्रडोक्टको उत्पादन महत्वपूर्ण बताउनु भयो।

## खण्ड खः समूहगत छलफल र प्रस्तुतिको शारांस

**१. समग्र आर्थिक विकास**

**क) दुरदृष्टि** : **प्राकृतिक स्रोत र पूर्वाधार, कर्णालीको आधार** लाई प्राथमिकतामा राखिएको छ ।

**ख) लक्ष्य** : प्राङ्गारिक कृषि उत्पादन, एग्रो टुरिजम्को बजारिकरण, बहुमुल्य जारिबुटिको प्रसोधन तथा उचित बजारको व्यवस्थापन, दुई वटा ठूला जलविद्युत परियोजना सफल रुपमा संचालन, सूचना प्रविधिको अधिक्तम उपयोग गरि दोहोरो अंकको आर्थिक वृद्धि दर अनुमानित २७ प्रतिशत पाँच वर्ष सम्म निरन्तरत गरि प्रति व्यक्ति आय २१०० अमेरिकी डलर बनाउने ।

**ग) लक्ष्य प्राप्ति गरि दुरदृष्टि समेटनको लागि आवश्यक नीतिहरुः**

वैज्ञानीक तथ्याङ्कमा आधारित योजना र योजनामा आधारित परियोजना निर्माण तथा कार्यान्वयन (जनप्रतिनिधिको ४० प्रतिशत र प्राविधिकको ६० प्रतिशतमा ) गर्ने ।

**घ) विकासका अवसरहरु :**

- प्रविधिको पुर्ण प्रयोग गरि उच्च मुल्य कृर्षि, जरिबुटी तथा पशुपंक्षि उत्पादन, प्रशोधन र बजारिकरण गर्न सकिने ।
- पर्यटकिय क्षेत्रको विकास र प्रचार प्रचार गरि एग्रो, धार्मिक, संस्कृतिक, खेलकुद आदि सम्वन्धि पर्यटक आकर्षण गर्ने ।
- जलविद्युत, उद्योग उत्पादन तथा निर्माण गरि निर्यातको लागि विदेशी लगानी लिई पनि प्रथामिकतामा राखिएको ।

**ङ) चुनौतिहरु :** भौगलिक विकटताका कारण विकासका पुर्वाधार निर्माणको लागि उच्च लागत लाग्ने, सम्भावित विकासका क्षेत्रहरुको पहिचान र व्यवसायिकरणमा कठिनाई रहेको ।

## २. भूमि व्यवस्थापन, कृर्षि र सहकारी विकास

**क) दुरदृष्टि :**

- प्रभावकारी भू-उपयोगका लागि विद्युतिय अभिलेख
- प्राङ्गारिक कृर्षि प्रणालीको विकास
- तीन खम्बे अर्थतन्त्रको एक आधार, उद्यमशिलता विकास गरिवीनिवारण

**ख) लक्ष्य** :

- प्रादेशिक भू-उपयोग नीति तयार,
- कृर्षि ऐनहरु, प्रमाणिकरण सम्वन्धि उत्पादन सम्भाव्यता नक्साङ्कन
- सहकारीमा आधारित उत्पादन, प्रशोधन र वजारीकरण, गरिव लक्षित सहाकारी

**ग) रणनीति :**

- एकिकृत वस्ति विकास, जमिन बाँझो नराख्ने, सामुहिक तथा करार खेती, भूमिहिन किसानलाई जमिन उपलब्ध गराउने, भूमि प्रशासनलाई प्रविधिमैत्री बनाउने ।

- प्रविधि मैत्री दक्षजनशक्ति, प्राङ्गारिक कृषि अनुसन्धान केन्द्र तथा फर्महरु, युवा आकर्षणका लागि प्रोत्साहन कार्यक्रम तथा उत्पादनको गुणस्तर नियमन ।
- सहकारीको क्षमता अभिवृद्धि, सहकारीमा विमा, ऋण प्रवहा र उत्पादनमा प्रोत्साहन अनुदान, सामुहिक तथा करार खेती

**घ) चुनौती तथा अवसरहरु :**

- भू-उपयोगको तथ्याङ्क, जग्गाको स्वामित्व
- उत्पादन तथा प्रशोधन सहकारी
- किसानको पहुँच, वैकल्पिक स्रोत र प्रविधि विकास तथा प्रसार, प्राङ्गारिक वजारिकरण

## ३. उद्योग, पर्यटन, वन तथा वातावरणको विकास

**क) दुरदृष्टि :**

प्राकृतिक वस्तुको प्राकृतिकमैत्री उपयोग गरि वन, वातावरण, पर्यटन र उद्योगको दिगो व्यवस्थापन रोजगारी अभिबृद्धि गरी समृद्धि हासिल गर्ने ।

**ख) लक्ष्य :**

३८.५७ प्रतिशत वन क्षेत्र रहेको कर्णाली प्रदेश वनको वैज्ञानीक उपयोग गर्दै वन, खनिज, कृषि तथा पर्यटनमा आधारित उद्योगको स्थापना गर्ने जसले गर्दा दिगोपनको सुनिश्चिता गर्छ ।

**ग) रणनीति :**

उद्यमीहरुलाई आर्थिक तथा आधुनिक प्रविधिको पहुँच अधिवृद्धि गरि तुलनात्मक तथा प्रतिस्पर्धि लाभका वस्तुहरु उत्पादन, वजारको उचित व्यवस्थापन, निर्यातमा सहजिकरण गरि अन्तरवस्तुहरुमा अन्तर्निभर हुने ।

**घ) अवसरहरु :**

राजनीति स्थायित्व र उत्तरदायित्वसहितको संघ, प्रदेश र स्थानीय सरकार भएको हुदाँ जैविक विविधता, (एउटै डाडाँको फेदिमा धान फल्ने देखि आपँ, केरा, सुन्तला, स्याउ, ओखर, तथा हिमाली जरिबुटी पाउन तथा उत्पादन गर्न सकिने ) जलस्रोत (जलविद्युत, मिनिरल वाटर, जल पर्यटन), जडीबुटी (

पाँचऔले, यार्स्यागुम्बा जटामसि आदि), खनिज, उच्च मुल्य खाद्य, फलफुल तथा पर्यटन (शैक्षिक, खेलकुद, धार्मिक आदि) उद्योगको विकासको प्रचुर संभावना रहेको छ ।

**ङ) चुनौतीहरु :**

भौगोलिक विकटता तथा कठिनाई, पुर्वाधारको अभाव, कानुनी जटिलता, उत्पादन तथा संरक्षणको ज्ञानको दुविदा चुनैतीको रुपमा रहेको छ ।

## ४. सामाजिक विकास

क) **दुरदृष्टि**

सास्कृतिक र लोक समृद्ध कर्णालीको चिनारी ।

ख) **लक्ष्य**

शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार कर्णालीको संस्कृती र विकास मोडल आनुसार विकास गर्ने ।

**ग) रणनीति :**

स्वास्थ्यमा आधुनीकरण गर्ने, शिक्षा व्यवाहारीक तथा कर्णाली विकास सापेशित गर्ने, श्रम तथा रोजगारीलाई प्रोत्सान हुने विकास मोडलको निर्माण गर्ने ।

**घ) अवसरहरु :**

कर्णालीमा प्राविधिक शिक्षाको माध्यामबाट शिक्षा,स्वास्थ्य,श्रम तथा रोजगारिको विकास गर्न सकिने ।

**ङ) चुनौतीहरु :**

यस प्रदेशमा जनतासँग अधिकारको वकालत गरिएको तर समाज र राज्य प्रतिको जनदाहित्वको विषयका वकालत कम गरिएको हुदाँ भुगोल जस्तै चेतनाको विकटता चुनौतिको रुपमा रहेको छ ।

## ५. भौतिक तथा योजना विकास

**क) दुरदृष्टि**

सन् २०३० सम्ममा कर्णाली प्रदेशका सबै तप्का र तहमा गुणस्तरीय, भरपर्दो र सर्वसुलभ सेवा सुविधा प्राप्त गर्ने भौतिक पुर्वाधार प्रणालीहरुको विकास गर्ने ।

ख) **लक्ष्य**

अवको १० वर्ष अर्थात वि.सं. २०८६ कर्णाली प्रदेशका सवै घरमा विद्युत, २४ घण्टे गुणस्तरिय खानेपानी तथा फोहोरमैला व्यवस्थापन, एकिकृत गुणस्तरीय वस्ति विकास, एक घण्टाको दुरीमा सुविधा सम्पन्न झोलुँगे पुल र ति सवै विकासलाई व्यवस्थित तथा नियगमन गर्ने ईन्जिनियरिङ्ग, वित्तिय वा सार्वजनिक खरिद विक्री ऐन, नियम, मापदण्ड र निर्देशिका तयार गर्ने ।

**ग) रणनीति**

करिव ३ खर्व बराबरको वैदेशिक लगानी, संघ, प्रदेश र स्थानिय तहको समन्वयकारी लगानी तथा योजनाबाट प्रदेश राजधानिबाट पालिकाको केन्द्र जोडने सडक निर्माण, विद्युत उत्पादन गरि निर्यात, २० प्रतिशत वैकल्पिक उर्जाको विकास, सवै स्थानीय तहमा आधारभुत विकासको पुर्वाधार तयार, उद्योग तथा पर्यटन विकासको लागि सम्भावित भौतिक पुर्वाधारको तयारी गर्ने ।

**घ) योजना :**

सुर्खेत, जुम्ला र चौरजहारीमा यातायात व्यवस्थापन कार्यालय स्थापना, टुविन विस्थापन गरी ५०० वटा झोलुङ्गे पुल निर्माण, जलविद्युत आयोजनाहरुको डिपिआर तयार गरि ३-५ वर्ष भित्र निर्माण कार्य सम्पन्न, ५ वर्ष भित्रमा सुरक्षित वसोवासको सुनिश्चित गर्ने ।

**ङ) प्रमुख उपलब्धि सूचक KPI :**

सुचना प्रविधीको माध्यमबाट योजना तथा अन्य कार्यहरुको अनुगमन गर्ने ।

## ६. सुशासन, समन्वय र कानुन

**क) दुरदृष्टि**

नागरिक केन्द्रित, स्वछ, जवाफदेही, प्रविधि निर्देशित र शासकिय व्यवस्था ।

**ख) लक्ष्य**

कानुनी राज्य व्यवस्थाकौ सिद्धान्तबाट निर्देशित हुदै विकास,सुरक्षा र समवेशी आर्थिक वृद्धिको लागि कर्णालीबासी प्रत्याभुती गराउने, शासकिय नवपर्वतनबाट कर्णाली विकास प्रणाली व्यवस्था गर्ने ।

**ग) रणनीति**

कानुनको निर्माण गरि सस्थागत संरचनाको निर्माण, विद्युतिय शुसासन, आधारभूत सर्वेक्षण तथा स्रोत नक्साङ्कन, क्षेत्राधिकारको नक्साङ्कन गर्ने ।

**घ) अवसर**

प्रदेश सरकारको प्रतिवधता, राज्यको पुर्नसंरचना (नयाँ संविधान), प्रविधिको उपलब्धता ।

**ङ) चुनौती**

संघ, प्रदेश र स्थानिय सरकारको कार्य जिम्मेवारी सम्बन्धि संघिय कानुन हालसम्म नबनेको, आधारभूत सर्वेक्षण तथा स्रोत नक्साङ्कन अभाव रहेको ।

## निश्कर्षमा: माननिय मुख्य मन्त्रि एवं योजना आयोगको अध्क्षयको मन्तव्य (१ घण्टा ०९ मिनेटको)

## मन्तव्यको सरांश

कर्णालीको यर्थातताको विषयमा केही विज्ञले स्वयम कर्णाली भ्रमण गरेर, केहीले अनलाईनमा राखेका भिडियो तथा फोटाहरु हेरेर त केहीले सुनेर पनि जानकार हुनुहुन्छ भन्ने कुरामा मुख्य मन्त्रि तथा योजना आयोगका अध्यक्ष विस्वस्त भएको भन्दै विषय तर्फ प्रवेश गुर्नु भएको थियो । विज्ञहरुको प्रस्तुति र समग्र विषय वस्तुलाई मध्यनजर गर्दै समग्र कर्णालीको विकासमा मुख्य मन्त्रिले व्यत्त गर्नुभएको विषय तथा आशयलाई संक्षिप्तमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- मुख्य मन्त्रिलाई यस प्रदेशको विकासको हुटहुटी रहेको ।
- यो प्रदेश विकासका हरेक सुचांकमा न्युन त्यसमा पनि घट्दो क्रममा रहेको ।
- चिनीया जनताको राष्ट्रियताको प्रसंग सहित यस प्रदेशका जनताको राष्ट्रियता तुलना गर्दै विज्ञहरुलाई जनताको मानसिकतामा परिर्वतन गुर्नु एक चुनौती रहेको ।
- संस्कृतिक क्रान्ति विना आर्थिक क्रान्ति असम्भव प्रायः हुने भएको हुदाँ कर्णाली प्रदेशको पहिलो कार्य भनेको संस्कृतिक क्रान्ति दोस्रो आर्थिक क्रान्ति हुनुपर्ने ।
- यसैगरी कर्णालीको अर्को कार्य भनेको व्यक्ति तथा समाजको नैतिकताको विकास हुनुपर्ने ।

- अरुको देशको जस्तो विकासको नमुना होइन्, अनुसंधानको आधारमा कर्णाली विकासको मोडल तयार गर्नु पर्ने।प्रयोगमा आएको प्रविधि तथा विकास मोडलको विषयमा बहस र छलफल गरिरहनु नपर्ने विचार व्यक्त गर्नुभयो ।
- विकासको योजना मोडलहरु यस्ता हुनु पर्‍यो कि जसले हाम्रा औशत आयु वृद्धि होस्, स्थानि स्रोत र साधनको प्राकृतिकमैत्रि उपभोग होस्, आर्थिक वृद्धि, प्रति व्यक्ति आय २१०० डलर पुगोस्, जनता सुखी र खुसी होउन, पर्यटन विकास होस् आदी ।
- कर्णाली प्रदेश विकासका लागि खालि र ठूलो जमिन लिएर प्रतिक्षारत रहेको।
- उमेरमा हैन मानसिकता र गतिमा तयार भएकाहरुलाई युवा भन्ने जसबाट दुरत विकासको गति तयार गरोस् भन्ने उहाँको अभिव्यत्ति थियो।
- कर्णालीलाई गरिवीको ट्याक लगाईएको छ। त्यसैले मानसिकता पनि माग्ने भएको छ। बजेट नभएर कर्णालीको विकास नभएको होइन् , मानसिकताबाट उब्जियको कुसंस्कारका कारण विकासमा अवरोध भएको हो।
- प्रदेशको योजनाहरु थोरै तर ठूला नमुना योजना निर्माण गर्नु पर्ने भनाइ रहेको।
- प्रयोग भएको प्रविधि र योजनाको बारेमा बहस गर्नुको औचित्य नरहेको।
- अरुले गरेको कार्यको लागि बहस नगरौं, नयाँ अनुसंधानहरुको लागि बहस गरौं ।
- विज्ञहरुको उच्च करद गर्ने।
- प्रदेशको नीति तथा कार्यक्रम अनुसार विकास गर्न आउने संघ संस्थाहरुलाई स्वागत छ।
- अवको विकास मोडल द्धए आधारमा हुनुपर्ने।
- पर्यटनको विकास गर्ने।
- संघ, प्रदेश, स्थानिय तह बुझाइमा स्पष्ट नभएसम्म विकासको गति हुदैन।